मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ · अंक २४७ · २०८० साल साउन ०२ गते मंगलबार · Tuesday 18, July 2023 · सूर्योदय: बिहान ५:२२ बजे · सूर्यास्त: साँझ ७:३ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-

# के के मा बढ्यो कर ?

**कर वृद्धि भएका शीर्षकहरुः**

१. **५० लाखः** ३९ प्रतिशत आयकर
क. ८ लाखसम्म आय हुनेलाई १० प्रतिशत कर
ख. ११ लाखसम्म हुनेलाई २० प्रतिशत कर
ग. २० लाखसम्मलाई ३० प्रतिशत कर
घ. २० लाखभन्दा बढी जतिसुकै रकममा ३६ प्रतिशत कर
ङ. ५० लाख रुपैयाँ बढी कमाउनेले ३ प्रतिशत थप गरेर कुल ३९ प्रतिशत कर तिर्नुपर्ने व्यवस्था लागु भएको छ ।
२. **विदेश भ्रमणः** ५ प्रतिशत अतिरिक्त कर
३. **विदेशमा अध्ययनः** विद्यार्थीलाइ ३ प्रतिशत कर।
४. **विलासिता शुल्कः** २ प्रतिशत कर
क. पाँचतारे वा सोभन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्टले प्रदान गर्ने सेवामा २ प्रतिशत कर लागु भएको छ ।
ख. आयातित मदिरामा पनि थप २ प्रतिशत कर लागु भएको छ ।
ग. यस्तै, दश लाख रुपैयाँभन्दा बढी मूल्यका हीरा, मोती, पत्थरजडित सुन वा बहुमूल्य धातुका गरगहनामा थप २ प्रतिशत कर लागु भएको छ ।
५. **वैदेशिक रोजगारीः** म्यानपावर कम्पनीलाई १ प्रतिशत कर
६. **लघु, घरेलु तथा साना उद्योगका मिल/मेसिनरी करः** १ प्रतिशत भन्सार महसुल ।
अर्थमन्त्री डा. प्रकाशशरण महतले जेठ १५ गते १७ अर्ब ५१ अर्ब रुपैयाँको बजेट प्रस्तुत गरेका थिए ।

**बजेटः**
१. **चालु खर्चतर्फः** ११ खर्ब ४१ अर्ब ७८ करोड रुपैयाँ (६५.२%)
२. **पुँजीगततर्फः** ३ खर्ब २ अर्ब ७ करोड रुपैयाँ (१७.२५%)
३. **वित्तीय व्यवस्थापनतर्फः** ३ खर्ब ७ अर्ब ४५ करोड रुपैयाँ (१७.५५%)

**आम्दानी स्रोतः**
१. **राजस्व परिचालनः** १२ खर्ब ४८ अर्ब ६२ करोड रुपैयाँ
२. **वैदेशिक अनुदानः** ४९ अर्ब ९४ करोड रुपैयाँ
३. **नपुग स्रोतः** ४ खर्ब ५२ अर्ब ७५ करोड रुपैयाँ

**विकल्पः**
१. **वैदेशिक ऋणः** २ खर्ब १२ अर्ब ७५ करोड रुपैयाँ
२. **आन्तरिक ऋणः** २ खर्ब ४० करोड रुपैयाँ

**२०७९/८० को तस्बिरः**
**कुल बजेटः** १७ खर्ब ९३ अर्ब रुपैयाँ
**राजश्व संकलनः** ६८ प्रतिशतमा सीमित
**ऋण र अनुदानबाहेक आम्दानीः** १० खर्ब ५ अर्ब रुपैयाँ
**कुलघाटाः** ५ खर्ब रुपैयाँ बजेट

*सरकारले ल्याएको बजेट अघिल्लो वर्षको तुलनामा ४२ अर्ब रुपैयाँ कम रहेको त छदैँछ, यस वर्षको बजेटमा ४ खर्ब ५२ अर्ब ७५ करोड रुपैयाँका लागि सरकारले २ खर्ब १२ अर्ब ७५ करोड रुपैयाँ वैदेशिक ऋण लिने र २ खर्ब ४० करोड रुपैयाँ आन्तरिक ऋण व्यवस्थापन गरिने लक्ष्य राखेको छ । ऋण उपलब्ध नभए र राजश्व संकलनको लक्ष्य सफल नभए अघिल्लो वर्ष ५ खर्ब रुपैयाँ घाटा गएजस्तै यो वर्ष पनि बजेट घाटामा जाने पक्का छ । यसले देशको आर्थिक स्थिति अरु संकटामुख हुनेमा शंका छैन ।*



## 'व्यापार बढे पो कर बढ्छ'




आज (सोमबार) हामी वीरगंज भन्सार कार्यालय गयौँ । खासगरी साउन १ गतेदेखि लागु भएको 'लेबलिङ'बारे अझै क्लियर नभएकाले यो हतारमा भयो कि भन्ने हाम्रो जिज्ञासा हो । केही दिन गृहकार्य गरेर सबैले बुझ्ने गरी लगाउनु उपयुक्त हुने सुझाव दियौँ । एउटै सिस्टम सबैलाई लगाउने कि संशोधन गर्ने भन्ने हो । उसो त हामी सरकारले ल्याएको नियमको विरोध गर्दनौँ । समर्थन गर्न चाहन्छौँ । तर कुन आइटममा र कुन स्टेजमा काम गर्ने भन्ने विषयमा अन्योल छ । यसले हामी उद्योगी व्यवसायीलाई के हित गर्छ भन्ने पनि राज्यले भन्नु पर्छ । कोही आयातकर्ता छन् । कोही होलसेलर छन् ।
सरकारले भ्याट लगाउँदा हामी विरोधमै थियौँ । पछि स्वीका¥यौँ । भ्याट बिललाई मान्यता दिने भनिएको छ । तर सामान अनुगमनका नाममा अहिले जुन दुःख व्यापारीले पाइरहेका छन् । यसले व्यापार गर्न अरु झन्झट भइरहेको छ । भ्याट बिल र बिल बिजक भएको सामान भन्सारबाट छुटेपछि फेरि बाहिर कतै राजस्व अनुसन्धानले, कतै प्रहरी र सशस्त्र प्रहरीले जुन दुःख दिइरहेको छ, यो वास्तवमै व्यापार व्यवसाय गरिखाऊ भन्ने खालकै छैन । एकातिर करको भार थपिएको छ । अर्कातिर 'सुराकी'का नाममा, अनुगमनका नाममा राज्यपक्षबाटै व्यापारीलाई मर्माहत पारिएको छ । भारतमा 'जिएसटी (गभर्नमेन्ट सर्भिस ट्याक्स' बिल भएपछि कुनै झन्झट हुँदैन । तर यहाँ कहाँ कसले रोकेर अनुगमनका नाममा दुःख दिने हो, फेरि राजस्वतिर फर्काउने हो, थाहै हुन्न । भ्याट बिल, प्रज्ञापन पत्र भएपछि अहिले त अनलाइन सिस्टममा बिलिङ हुन्छ । किन बाटोमा यसरी दुःख दिने गरिएको हो ?
एकातिर राज्यको कर उठिरहेको छैन । अर्कातिर व्यापारीलाई झन्झट दिएर अझै गाह्रो बनाउने काम भइरहेको विषय हामीले उठायौँ । ५० प्रतिशतसम्म जरिवाना तिराउने काम भएको छ । यस्तो अव्यवहारिक करले राजस्व बढ्छ भन्नु भ्रम मात्रै हो । व्यापार बढे मात्रै कर बढ्ने हो । व्यवसाय नहुने वातावरण बनाउन किन सरकार लागिरहेको छ । बरु सीमामा कडाइ गरे हुन्छ । चोरी निकासी रोक्न सिसिटिभी लगाउन सकिन्छ । यहाँ त कर तिरिरहनेलाई नियम थपेर समस्या पार्ने काम भइरहेको छ । सुविधा दिने काम भएको छैन । व्यापारीलाई १० ठाउँमा 'चोर' बनाउने काम रोकिएन भने हामी सबै व्यापारी आन्दोलित हुन सक्छौँ । भन्सारका गुण्डाहरुको विरुद्द पनि बोल्नेछौँ । केहीदिनमा पत्रकार सम्मेलन गरेर यी सबै कुरा बाहिर ल्याउने तयारीमा छौँ ।

*(मधेशदृष्टिसँगको कुराकानीमा आधारित)*

**मधेशदृष्टि**
**वीरगंज ।**
जेठ १५ गते अर्थमन्त्री डा. प्रकाशशरण महतले प्रस्तुत गरेको र पारित भएको बजेट सोमबारदेखि लागू भएको छ ।
लागु भएको बजेटमा कयौँ करहरु हेरफेर भएका छन् । अघिल्लो वर्ष राजश्व संकलन लक्ष्यको ६८ प्रतिशतमा सीमित भयो भने बजेट ५ खर्ब रुपैयाँ घाटामा भयो । यो वर्ष बजेट कार्यान्वयनका लागि लिइएको लक्ष्य कसरी पूरा होला ? जबकि आर्थिक वर्ष सुरु भएसँगै सरकारले सर्वसाधारण प्रभावित हुने गरी विभिन्न करहरु वृद्धि गरेको छ । वैदेशिक अनुदान, राजश्व संकलनको लक्ष्यमा पनि ४ खर्ब ५२ अर्ब ७५ करोड रुपैयाँ नपुग्ने देखिएको छ । यसका लागि वैदेशिक ऋण २ खर्ब १२ अर्ब ७५ करोड रुपैयाँ लिइने र आन्तरिक ऋण २ खर्ब ४० करोड रुपैयाँको लक्ष्य लिइएको छ । ऋण गरेर बजेटको लक्ष्य पार गरिने भनिएकाले अघिल्लो वर्ष झैँ देशको बजेट घाटामा जाने सम्भावना छ ।
जनतामा थोपिरिएको अतिरिक्त करहरुले पनि बजेटको लक्ष्य नभेट्ने अवस्था छ । देशको बजेट बढ्दै जानु पर्नेमा अघिल्लो वर्षको तुलनामा यो वर्षको बजेट ४२ अर्ब रुपैयाँ घटाएर बनाइएको छ ।
अर्कातिर बनेको बजेटमा ऋण नै ४ खर्ब ५२ अर्ब ७५ करोड लिनु पर्ने भएपछि यो वर्ष आर्थिक लक्ष्य हासिलका लागि चर्को दबाब पर्ने देखिन्छ ।

## बजेट अपडेट नगर्नेमा मधेशकै बढी

*मधेशसहित देशभरका २० दशमलव ४५ प्रतिशत पालिकाले बजेट अपडेट गराएका छैनन् । पाँच सय ९९ पालिकाले मात्र बजेट अपडेट गरेका छन् । सङ्घीय मामिला मन्त्रालयका सहायक प्रवक्ता अश्विनकुमार पोखरेलका अनुसार बजेट पारित गरिसकेका पालिकाले पनि मन्त्रालयको प्रणालीमा प्रविष्टि (इन्ट्री) नगर्दा यस्तो देखिएको छ ।*




**मधेशदृष्टि**
**वीरगंज ।**
साउन १ गतेदेखि सुरु भएको नयाँ आर्थिक वर्षमा पारित बजेट अनुसार काम सुरु गर्नु पर्ने हो । तर कैयौँ स्थानीय तहले बजेट पारित नै गर्न सकेका छैनन् । केहीले ढिलो गरी पारित गरे पनि बुझाउन सकेका छैनन् । यसरी नबुझाउनेमा मधेश प्रदेशका धेरै पालिका रहेको पाइएको छ ।
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा 'स्थानीय तहको आर्थिक वर्ष २०८०÷८१ को बजेट अपडेट' विवरणमा सोमबार दिउँसो २ बजेसम्मको अपडेटमा मधेश प्रदेशका ६३ स्थानीय तहले पारित बजेट विवरण बुझाएका छैनन् ।
मधेशमा १ सय ३६ स्थानीय तह छन् । मधेशमा झण्डै आधाजसो पालिकाले बजेट विवरण अपडेट गराएका छैनन् । उसो त मधेशसहित देशभरका २० दशमलव ४५ प्रतिशत पालिकाले बजेट अपडेट गराएका छैनन् । पाँच सय ९९ पालिकाले मात्र बजेट अपडेट गरेका छन् ।
सङ्घीय मामिला मन्त्रालयका सहायक प्रवक्ता अश्विनकुमार पोखरेलका अनुसार बजेट पारित गरिसकेका पालिकाले पनि मन्त्रालयको प्रणालीमा प्रविष्टि (इन्ट्री) नगर्दा यस्तो देखिएको बताए । 'धेरै पालिकाले बजेट पारित गरिसकेका भए पनि पोर्टलमा हालिसकेका छैनन् । हालसम्म बजेट पेस नै नगरेका २० भन्दा बढी पालिका छैनन् भन्ने हाम्रो अनुमान छ,' उनले भने ।
मन्त्रालयको प्रणालीमा बजेट प्रविष्ट नगरेका पालिकालाई त्यस्तो विवरण चाँडो बुझाउन परिपत्र गरिएको छ ।
मन्त्रालयले आइतबार सबै पालिका तथा जिल्ला समन्वय समितिलाई पत्र पठाउँदै चालु आर्थिक वर्ष २०८०÷८१ को बजेट पेस भई सम्बन्धित नगरसभा तथा गाउँसभाबाट स्वीकृत भएको विवरण अद्यावधिक गर्न भनेको हो ।
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम गाउँसभा तथा नगरसभामा पेस भएको बजेट असार मसान्तसभित्रमा पारित गरिसक्नुपर्ने व्यवस्था छ ।
गाउँसभा तथा नगरसभामा पेश भई पारित भएको विवरण सङ्घीय मामिला मन्त्रालयको पोर्टलमा अद्यावधिक गराउनुपर्ने व्यवस्था छ । बजेट पेस गरेका तर गाउँसभा तथा नगरसभाबाट पारित हुन बाँकी रहेका पालिकालाई पनि बजेट पेस भएको विवरण जानकारी गराउन मन्त्रालयले निर्देशन दिएको छ ।

**बजेट नबुझाउने पालिकाहरुको संख्याः १५४**
*कोशी प्रदेशः २९*
*मधेश प्रदेशः ६३*
*बागमती प्रदेशः २४*
*गण्डकी प्रदेशः ७*
*लुम्बिनी प्रदेशः १४*
*कर्णाली प्रदेशः छैन*
*सुदूरपश्चिम प्रदेशः १३*

## असारमा मात्रै १८ प्रतिशत बजेट खर्च

**मधेशदृष्टि**
**वीरगंज ।**
यो वर्ष असार महिनामा मात्र बजेटको १८ प्रतिशत खर्च भएको पाइएको छ । अझ असारको तेस्रो साता र असार २३ गतेसम्म काटिएको चेकका कारण 'असारे विकास' मौलाएर १८ प्रतिशत बजेट तीन सातामै सकिएको हो । उसो त अघिल्लो वर्ष असारमा मात्र २१ प्रतिशत रकम भुक्तानी भएकामा यो वर्ष घटेर १७.९४ प्रतिशतमा झरेको हो ।
महालेखा नियन्त्रक कार्यालयलका अनुसार, जेठ मसान्तसम्ममा सरकारको बजेट खर्च ११ खर्ब ७३ अर्ब रुपैयाँ बराबर थियो । असार मसान्तसम्म आइपुग्दा १४ खर्ब २९ अर्ब नाघ्यो । अर्थात् असार महिनामा मात्रै सरकारले दुई खर्ब ५६ अर्ब ५० करोड ९० लाख रुपैयाँ बराबर खर्च गरेको छ ।
खर्चसम्बन्धी यो तथ्याङ्क हेर्दा समयमा विकास खर्च गर्न नसक्ने र आवको अन्त्यमा हतारमा ठूलो रकम भुक्तानी दिने खराब परिपाटीले यस वर्ष पनि निरन्तरता पाएको छ ।
बर्सातको भुक्तानीले विकास निर्माणका कामको गुणस्तरमा सम्झौता हुने र आर्थिक अनुशासनकोसमेत गम्भीर उल्लङ्घन भइरहेको विषय महालेखा परीक्षकको प्रतिवेदनले हरेक वर्ष औल्याउँदै आएको छ ।
वार्षिक विनियोजनको ठूलो अंश असारमा मात्रै भुक्तानी प्रवृत्तिलाई रोक्नुपर्ने सुझाव पनि महालेखाले हरेक वर्ष सरकारलाई दिँदै आएको छ । विद्यमान कानुनी व्यवस्थाको पालना हुन नसक्नु, अर्थमन्त्रालयले निगरानीको भूमिका बहन गर्न नसक्नु, बजेटमा चर्को राजनीतिक हस्तक्षेप हुनु, विषयगत मन्त्रालयका सचिव तथा विभागका महानिर्देशकलाई जिम्मेवार बनाउन नसक्नु तथा कर्मचारीको चाँडो–चाँडो सरुवा हुनुलाई आवको अन्त्यमा खर्च बढ्नुको मुख्य कारण रहेको विषय पनि महालेखाले औँल्याउँदै आएको छ । सरकारले भने गत वर्ष मङ्सिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका कारण पनि न्युन बजेट खर्च भएको बताउँदै बदमासी ढाकछोप गर्दै आएको छ ।
आव २०७८/७९ मा बजेट खर्चको २१ प्रतिशत असार महिनामा मात्र खर्च भएको थियो । १६ खर्ब ४७ अर्ब ५७ करोड ६७ लाख रुपैयाँको बजेटमा १३ खर्ब नौ अर्ब ८७ करोड ४३ लाख रुपैयाँ खर्च हुँदा असार महिनामा मात्र दुई खर्ब ९ अर्ब ७५ अर्ब नौ करोड २५ लाख रुपैयाँ भुक्तानी भएको थियो ।
आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारले वार्षिक लक्ष्यको करिब ८० प्रतिशत बजेट खर्च गरेको समाचार राससले सार्वजनिक गरेको छ । १७ खर्ब ८३ अर्ब ७३ करोड ६३ लाख रुपैयाँ बराबरको बजेट ल्याएकामा ७९ दशमलव ६९ प्रतिशतअर्थात् १४ खर्ब २९ अर्ब ५६ करोड ४० लाख रुपैयाँ खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ ।
सरकारले गत आवको आय र व्ययको अनुमान दुइपटक संशोधन गरेर घटाएको थियो । पहिलोपटक २०७९ माघमा बजेटको अर्धवार्षिक समीक्षामार्फत र दोस्रोपटक जेठ १५ गते चालु आव २०८०/८१ को वार्षिक बजेट प्रस्तुत गर्दा सरकारले राजस्व र खर्चको अनुमान घटाएको थियो तर दोस्रोपटक संशोधन गरेर घटाइएको लक्ष्य पनि पूरा हुन सकेन ।

भर्ना खुल्यो! भर्ना खुल्यो!! भर्ना खुल्यो!!!
नेपाल सरकारको CTEVT द्वारा सम्बन्धन तथा मान्यता प्राप्त यस
मिथिला टेक्निकल एकेडमी प्रा. लि. र आर.जे. टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
मा निम्न कार्यक्रमहरु शैक्षिक सत्र २०८०।८१ को भर्नाका लागि प्रवेश परीक्षा (Entrance) को फारम वितरण भइरहेको सहर्ष जानकारी गराउँदछौं।
फारम वितरण :-
मितिः २०८०।०३।२९ देखि २०८०।०४।१२ गतेसम्म
प्रवेश परीक्षा मिति : २०८०।०४।२४ गते बिहान ८ बजे
कार्यक्रम :-
१) सामान्य चिकित्सा (H.A.) - ३ वर्ष
२) स्टाफ नर्स (Staff Nurse) - ३ वर्ष
३) सि.एम.एल.टी. (CMLT) - ३ वर्ष
४) प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ - १८ महिने
५) प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ - १८ महिने
सम्पर्क स्थान :
मिथिला टेक्निकल एकेडमी प्रा. लि.
आर.जे. टेक्निकल इन्ष्टिच्युट प्रा. लि.
क्याम्पस चौक, पिरडिया माई मन्दिरको पूर्वपट्टि, जनकपुरधाम–४
सम्पर्क नं.–९८४४०९९९२५, ९८४४०२०८८८ र ९८००८४३०१३, ☎ ०४१–५२८०३२


# मिना बजारका तरकारी व्यवसायी आन्दोलित



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको मिना बजारका तरकारी  व्यापारी आइतबारदेखि तरकारी बिक्री गर्न बन्द गरी विरोधमा उत्रिएका छन् ।
ठेक्का रद्द गरी वीरगंज महानगरले अमानतमा कर उठाउनु पर्ने, भाडा कम गर्नु पर्नेलगायतका माग राख्दै व्यवसायी तरकारी बिक्री गर्न छाडेर विरोधमा उत्रिएका हुन् ।
वीरगंज महानगरको नेतृत्वसँग पटकपटक भएको छलफलसमेत सार्थक निष्कर्षमा पुग्न नसकेको मिना बजार तरकारी व्यवसायी संघका अध्यक्ष विदुर गुप्ताले बताए ।
आफूहरुको माग पूरा नभएसम्म विरोध जारी रहने उनले बताए ।
अर्कातर्फ बिक्रीका लागि राखिएको तरकारी कुहिन थालेपछि लाखौँको नोक्सानी भएको व्यापारीले गुनासो गरे ।
यसैबीच तरकारी किन्न दैनिकरुपमा मिना बजार पुग्ने गृहिणी र उपभोक्ताले भने अन्य ठाउँबाट तरकारी किन्न थालेको बताएका छन ।

# नेपालमा अनुमति नभएका गर्भपतनका औषधी बेचबिखन

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतसित खुल्ला सीमानाका कारण पर्सामा अनधिकृतरुपमा गर्भपतन गर्ने भारतीय औषधि बिक्री वितरण हुँदै आएको छ ।
भारत, बिहारसित जोडिएको जिल्लाको खुला सीमाका कारण भारतबाट अबैधरुपमा गर्भपतनको औषधी ल्याएर बिक्री वितरण हुँदै आएको हो ।
सरकारले देशमा सुरक्षित गर्भपतनका लागि विभिन्न दश प्रकारका औषधीलाई मान्यता दिए पनि पर्सामा भने विभिन्न निजी स्वास्थ्य संस्थाहरुमा भारतबाट ल्याइएका गर्भपतनका औषधी बिक्री वितरण भइरहेका छन् ।
भारतबाट लुकिछीपी तस्करीका माध्यमबाट नेपाल ल्याएर तस्करले गर्भपतनको औषधी निजी स्वास्थ्य संस्थालाई उपलब्ध गराइरहेको पाइएको छ । निजी स्वास्थ्य संस्था, क्लिनिकले ती गर्भपतनका औषधी बिक्री वितरण गरिरहेका छन् ।



ती स्वास्थ्य क्लिनिकमा गर्भपतनका औषधी सहजै पाउन सकिन्छ । जबकि नियमले त्यस्ता स्वास्थ्य संस्था, क्लिनिकले गर्भपतनको औषधि नै बिक्री वितरण गर्न पाइँदैन ।
तर उनीहरुले भारतबाट गर्भपतनका औषधी मगाएर गोप्यरुपमा लुकिछिपी बेचिरहेका छन् ।
अवैधरुपमा बसेको गर्भ वा इच्छाअनुसार दम्पतीले गर्भपतन गराउन चाहे सुरक्षित रुपमा सरकारी स्वास्थ्य संस्थामा गर्भपात गराउने सुविधा भए पनि अधिकांशले सरकारी स्वास्थ्य संस्थामा सेवा नलिने गरेको पाइएको छ । उनीहरु निजी क्लिनिक गएर गर्भपतन गराइरहेका छन् ।
समाजको लाज अथवा नजानेर असुरक्षित रुपमा गर्भपतन गराउदा महिलाले ज्यानसमेत गुमाउने अवस्था छ ।
वीरगंजको नारायणी अस्पताल, वीरगंज महानगर–२८ स्थित बगही प्राथमिक स्वास्थ्य केन्द्र, सखुवाप्रसौनी गाउँपालिकाको महुवन स्वास्थ चौकीलगायतका स्वास्थ्य संस्थामा निःशुल्क सुरक्षित गर्भपतन सेवा सञ्चालन भए पनि ती स्वास्थ्य संस्थामा कर्मचारी कमी भएका कारण सुरक्षित गर्भपतन सेवा प्रभावित हुँदै आएको जिल्ला स्वास्थ्य कार्यालय पर्साका प्रमुख नवलकिशोर साहले जानकारी दिए ।
उनले निजी क्लिनिकमा गर्भपतन गराउँदा तालिम प्राप्त स्वास्थयकर्मी नहुने भएकाले जोखिम हुने गरेको बताए ।
साहले स्वास्थ्य सेवा स्थानीय तहमातहत भएकाले स्थानीय तहले पनि सुरक्षित गर्भपतन सेवा सञ्चालनका लागि कर्मचारी नराख्ने गरेको गुनासो गरे ।

# अस्पतालको सफाइमा जुट्यो महानगर




**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी अस्पताल वीरगंजको सरसफाइ सोमबारदेखि वीरगंज महानगरपालिका कार्यालयले सुरु गरेको छ ।
साउन १ गतेदेखि अस्पतालमा गरिने सरसफाइसम्बन्धी कार्य महानगरपालिकाले गर्ने अस्पताल प्रशासन र वीरगंज महानगरपालिका कार्यालयबीच सम्झौताअनुसार वीरगंज महानगरपालिकाले सरसफाइ सुरु गरेको हो ।
नगरप्रमुख राजेशमान सिंहले सरसफाइको अनुगमन गर्दै वीरगंजको नारायणी अस्पतालको सरसफाइ महानगरपालिकाले सुरु गरेको र अस्पताल परिसर सफा, स्वच्छ राख्न सबै सेवाग्राहीलाई अपिल गरे । सफाइ र व्यवस्थित पार्किङमा अटेर गर्नेलाई जरिवानासमेत गरिने मेयर सिंहले बताए । अर्कातर्फ अब सरसफाइमा लापरबाही गर्ने जोकोहीसित पनि सम्झौता नगरिने मेडिकल सुपरिटेन्डेन्ट डा. चित्तरञ्जन साहले बताए ।
सम्झौताअनुसार साउन १ गतेदेखि एक वर्षका लागि नारायणी अस्पतालको बाहिरी क्षेत्रको सम्पूर्ण सरसफाइ वीरगंज महानगरपालिकाले गर्नेछ । बाहिर क्षेत्रअन्तर्गत शौचालय, बरन्डा, भ¥याङ, अस्पताल परिसर तथा प्रशासनिक भवन पर्ने सम्झौता पत्रमा उल्लेख छ । अस्पतालको शल्यक्रिया कक्ष र वार्डभित्रको सरसफाइ तथा फोहर व्यवस्थापन अस्पताल आफैँले गर्नुपर्ने हुन्छ ।
सरसफाइ गर्न महानगरपालिकाले अस्पतालसँग कुनै शुल्क लिने छैन भने सरसफाइका लागि वीरगंज महानगरपालिकाबाट खटिने सरसफाइकर्मी र नारायणी अस्पतालमा कार्यरत सम्पूर्ण सरसफाइकर्मीको अनुगमन, नियन्त्रण र हाजिरी प्रमाणित वीरगंज महानगरपालिकाले गर्नेछ ।

# मनाइयो साउने संक्रान्ति, फालियो लुतो

**मधेशदृष्टि**
**वीरगंज ।**
सोमबार साउने सङ्क्रान्ति पर्व, परम्पराअनुसार स्नान, दान र आफन्त जमघट भइ रमाइलो गरी मनाइएको छ । सूर्यले मिथुन राशि भोग पूरा गरी कर्कट राशिमा प्रवेश गर्ने पहिलो दिन देशभर साउने सङ्क्रान्तिको रुपमा मनाउने परम्परा छ ।
साउनदेखि नै सूर्य दक्षिण हुँदै हिँड्ने भएकाले सोमबारदेखि दक्षिणायन सुरु हुन्छ । माघ १ गते सुरु हुने उत्तरायण र साउन १ गते सुरु हुने दक्षिणायनका दिनलाई विशेष रुपमा मनाइन्छ ।
असार महिनाभर रोपाइँमा व्यस्त हुने भएकाले हिलोमैलोबाट लाग्ने छालासम्बन्धी रोग ठीक पार्न भन्दै साउने सङ्क्रान्तिको दिन बेलुका लुतो फाल्ने चलन छ ।
परम्पराअनुसार काग, भलायो, कुकरडाइनो, लुतेझार, पानीअमला, कागती, अम्बा, नासपाती औषधिका रुपमा समेत प्रयोग हुने वनस्पति राखेर



कण्डारक नाम गरेका राक्षसको पूजा गरी अगुल्टो फाल्ने गरिन्छ ।
अधिकांश नेपाली खेतीमा लाग्ने भएकाले असार महिनाभर कृषि कर्ममा व्यस्त हुन्छन् । त्यस क्रममा हिलो मैलोले लाग्ने छालासम्बन्धी रोग ठीक गर्न लुतो फाल्ने गरिएको धर्मशास्त्रविद् प्रा तोयराज नेपाल बताउँछन् । लुतो फाल्दा आ–आफ्नो कूल परम्पराअनुसार नाङ्लो ठटाउने, शंख फुक्ने, घण्ट बजाउने, ढोका बन्द गर्ने चलन नेपाली समाजमा छ ।
साउन महिनालाई विशेष रुपमा भगवान् शिवको पूजा गरेर मनाइन्छ । महिलाले हरियो चुरालगायत कपडा लगाएर प्रकृतिसँग नजिक भएको देखाउने गरिएको पनि धर्मशास्त्रविद् गौतमले बताए ।
साउन महिनाभर देशभरका शिवालय विशेषगरी पशुपतिनाथ मन्दिरमा भक्तजनको विशेष भीड लाग्छ । साउन महिना शिवजीको र सोमबारलाई शिवको बार भनिन्छ । यसैले साउन महिना एवम् सोमबार शिवालयमा भक्तजनको विशेष भीड लाग्ने गरेको हो ।
अर्कातर्फ साउन महिनाको पहिलो सोमबारसमेत परेको छ ।
साउन महिना भगवान शिवको प्रिय महिना मानिन्छ । विशेष गरी साउन महिनाको सोमबारका दिन ब्रत लिने र शिव भगवानको विशेष पूजा आराधना गर्ने प्रचलन रहँदै छ । सोही क्रममा वीरगंजको अलखिया मठ, चिनीमिल परिसरको पुशपतिनाथ मन्दिर, पटेर्वासुगौलीको रामभौरीभाठालगायतका शिवालयमा दर्शनार्थीको घुइँचो लागेको छ ।
उता, काठमाडौँको पशुपतिनाथमा समेत नेपाल र भारतका दर्शनार्थीको ठूलो घुइँचो लागेको छ ।
यसैबीच, सोमबारदेखि नै नयाँ आर्थिक वर्षसमेत प्रारम्भ भएको छ । नयाँ बही खातामा अभिलेख राखी वर्षभर गरिएका कारोबार सुरक्षितरुपमा राख्ने कार्यसमेत सुरु भएको छ ।
आर्थिक मन्दीको प्रभाव परेका बेला यो आर्थिक वर्षमा केही राहत पुग्ने यसक्षेत्रका उद्योगी व्यवसायीले आशा व्यक्त गरेका छन् ।

# सातदिने श्रीमद् भागवाद कथा ज्ञानयज्ञ हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा सातदिने श्रीमद् भागवाद कथा ज्ञानयज्ञ हुन लागेको छ । श्री शिरडी साईबाबा मन्दिर सेवा ट्रस्टको आयोजनामा मंगलबारदेखि सातदिने श्रीमद् भागवाद कथा ज्ञानयज्ञ हुन लागेको हो ।यज्ञ साउन ८ गतेसम्म चल्ने सञ्चालकहरूले जनाए ।
वीरगंजस्थित गीता मन्दिर परिसरमा हुने यज्ञमा चर्चित कथा ब्यासपूज्य श्री जितेन्द्र पाराशारले कथा ज्ञान यज्ञ गर्ने छन् । प्रत्येक दिन अपराह्न ३ बजेदेखि साँझ ६ बजेसम्म चल्ने यज्ञमा नेपालदेखि भारतसम्मका श्रद्धालु आउने अनुमान गरिएको छ ।

# खुला सीमा सुरक्षा चुनौती बन्दै

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले खुला सीमाका कारण राष्ट्रिय सुरक्षामा चुनौतिको रूपमा रहेको बताएको छ ।
गृह मन्त्रालयले राष्ट्रिय सभाअन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिले माग गरेबमोजिमको लिखित विवरण पठाउँदै नेपालको छिमेकी दुई देशसँग खुला सीमा हुनु राष्ट्रिय सुरक्षामा चुनौति भएको बताएको हो ।
सोमबार बसेको समितिको बैठकमा समिति सचिव सीता काफ्ले वाग्लेले गृह मन्त्रालयले पठाएको विवरण पढेर सुनाइन् । विवरणमा खुला सीमाका कारण मानव बेचबिखन, हातहतियार ओसारपसार, लागुऔषध ओसारपसार र सीमापारिबाट आपराधिक व्यक्ति, समूह प्रवेश गरी लुटपाट एवम् अन्य आपराधिक घटना गराउने चुनौति उल्लेख छ ।
त्यस्तै, सीमापारि अपराध गरेर सीमा वारि आई लुक्ने प्रवृत्ति रहेको र भन्सार नभएका विन्दुबाट चोरी, निकासी, तस्करी हुने गरेको पनि उल्लेख गरिएको छ । खुला सीमाको फाइदा उठाउँदै अवैधरूपमा शरणार्थीको प्रवेश र तेस्रो देशका नागरिकको अवैध घुसपैठ हुने गरेको पनि जनाइएको छ ।
सरकारले सीमा सुरक्षाका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको परिचालन गरेको जनाएको छ । नियमितरूपमा सीमावर्ती समकक्षीसँग बैठक गरी अन्तरसीमा अपराध नियन्त्रणलगायतका विषयमा समन्वय गरिएको उल्लेख छ ।

# हिन्दूका मुद्दा सत्ताका लागि होइनः लिङदेन

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले हिन्दू राष्ट्रको मुद्दा उठाउनु स्वार्थ र सत्तासँग केन्द्रित विषय नभएको बताएका छन् । नेपाल सनातन धर्म, संस्कृति, संगठनद्वारा आयोजित सनातन हिन्दु राष्ट्रको लागि पदयात्रा कार्यक्रममा सहभागी भएका अध्यक्ष लिङ्देनले यस्तो बताएका हुन् । उनले हिन्दू राष्ट्रको मुद्दा बहुसंख्यक नेपालीले उठाएको मुद्दा भएकाले उनीहरुलाई बुझाउन पदयात्रा गरेको बताए । अध्यक्ष लिङ्देनले राप्रपाले सनातन, धर्म, संस्कृतिको रक्षार्थ जनचेतना जगाउने र हिन्दूराष्ट्र अभियान सञ्चालनका लागि जनचेतना फैलाउने उद्देश्यले पदयात्रा कार्यक्रम गरेकाले आगामी दिनमा थप कार्यक्रम गर्दै जाने बताए ।

# ‘ट्राफिक भायोलेसन रेकर्ड सिस्टम सफ्टवयेर’ सञ्चालनमा



**मधेशदृष्टि**
**वीरगंज ।**
सातवटै प्रदेश मातहतका २१ वटा जिल्लामा ‘ट्राफिक भायोलेसन रेकर्ड सिस्टम सफ्टवयेर’ सोमबारबाट सञ्चालनमा आएको छ । सवारी नियम उल्लंघन कसुरको जरिवानाबापत राजश्व संकलनलाई प्रदेशगत रूपमा बैंकिङ प्रणालीमा जोड्ने योजना अनुरूप सिस्टम सञ्चालन गरिएको हो । सिस्टम कोशी प्रदेशअन्तर्गतका सुनसरी, मोरङ र झापा, मधेश प्रदेशअन्तर्गतका सिरहा, पर्सा र महोत्तरी, बागमती प्रदेशअन्तर्गतका सिन्धुली, काभ्रे र मकवानपुर, गण्डकी प्रदेशअन्तर्गतका कास्की, तनहुँ र नवलपरासी (पूर्व), लुम्बिनी प्रदेशअन्तर्गतका रूपन्देही, दाङ र बाँके, कर्णाली प्रदेशअन्तर्गतका सुर्खेत, सल्यान र दैलेख र सुदूरपश्चिम प्रदेशअन्तर्गत कैलाली, कञ्चनपुर र डोटी जिल्लामा लागु भएको नेपाल प्रहरी प्रधान कार्यालय राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखाले जनाएको छ ।

# डुबेर १६ जनाको मृत्यु



**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहटमा आर्थिक वर्ष २०७९/०८० मा डुबेर १६ जनाको मृत्यु भएको छ ।
जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार ६ पुरुष, २ महिला, ४ बालक र ४ बालिकाको डुबेर मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी उमाशंकर यादवका अनुसार विभिन्न नदी तथा पोखरीमा डुबेर पछिल्लो आर्थिक वर्ष १६ जनाको मृत्यु भएको तथ्याङ्क छ ।
वर्षको अन्तिम दिन कटहरिया नगरपालिकास्थित गमहरियाघाट लालबकैया नदीमा नुहाउन गएका एक विद्यार्थीको डुबेर मृत्यु भएको छ । कटहरिया–५ का १५ वर्षीय छोरा सोनु गुप्ताको नुहाउने क्रममा आइतबार डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

# गाडी भाडा घट्यो, हवाई भाडा बढ्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले सार्वजनिक गाडीको भाडा घटाएको छ । पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू भएसँगै यातायात व्यवस्था विभागले सार्वजनिक गाडीको भाडा घटाएको हो ।
स्वचालित प्रणालीअनुसार डिजलमा चार र पेट्रोलमा प्रतिलिटर छ रुपैयाँ घटेको थियो । यसैलाई आधार बनाएर विभागले यात्रुबाहक गाडीमा २ दशमलव १३ प्रतिशत भाडा घटाएको छ । यसैगरी मालबाहक गाडीमा पहाडमा २ दशमलव ७८ र तराईमा ३ दशमलव ०९ प्रतिशतले भाडा घटेको विभागले जनाएको छ ।
घटेको भाडा सोमबारदेखि नै लागू हुने छ । यसैबीच आन्तरिक उडानको हवाई भाडादर सोमबारदेखि वृद्धि भएको छ । नेपाल वायुसेवा सञ्चालक सङ्घले मूल्य अभिवृद्धि कर भाडादरमै जोडिने भएकाले आन्तरिक उडानको हवाई भाडा ६ प्रतिशतसम्म बढ्ने जनाएको हो ।
आन्तरिक उडानका वायु सेवा प्रदायक कम्पनीले हवाई भाडादरमा समावेश गरी मूल्य अभिवृद्धि कर उठाउने भएका हुन् ।
सरकारले आर्थिक वर्ष २०८०÷८१ को बजेटमा हवाई यातायात सेवालाई अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था गरेको छ ।

# गरिब विपन्नलाई इन्डक्सन चुलो वितरण



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको औरही नगरपालिकामा गरिब तथा विपन्न परिवारलाई इन्डक्सन चुलो वितरण गरिएको छ । नगरपालिकाको वडा नम्बर २ चेपकटका गरिब विपन्न मुसहर बस्तिमा ८८ घरपरिवारलाई इन्डक्सन चुलो वितरण गरिएको हो ।
मुसहर बस्तिमा विधुत मिटर लिएका गरिब दलित, बिपन्न घरपरिवारका घरमुलिहरुलाई एक ÷एक थान गरि ८८ घरपरिवारलाई इन्डक्सन चुलो वितरण गरिएको नगरपालिकाका मेयर प्रदीपकुमार खड्काले जानकारि दिए ।
सोमवार औरही नगरपालिका वडा नम्बर २ चेपकट मुसहर बस्तिमा एक कार्यक्रमको आयोजना गरि मेयर खड्काले ग्यासको मूल्यवृद्धिलाई मध्यनजर गरेर नगरभित्रका गरिब दलित,बिपन्न घरपरिवारलाई एक ÷एक थान इन्डक्सन चुलो वितरण गरेका हौं, मेयर खड्काले भने, 'यसलाई आगामी नगरसभाबाट पारित गरेर लागू गर्नेछौं', औरही नगरपालिका लाई धुवाँ रहित पालिका बनाउने लक्ष्यका साथ अगाडि बढेको भन्दै उनले विद्युत् प्रयोगमा जोड दिएको बताए।
अहिले वडा नं २ को मुसहर समुदायमा इन्डक्सन चुल्हो परीक्षणका रूपमा वितरण गरिएको उनले बताए । यो कार्यक्रम प्रभावकारी भएसँगै नगरभरिमा रहेका गरिब दलित,बिपन्न घरपरिवारका घरमुलिहरुलाई एक ÷एक थान वितरण गर्ने योजना अगाडि लिएर जाने बताए ।
नगरपालिकाले विद्युत्को पहुँच सबै घरधुरीमा पुर्याउन न्यूनतम २० युनिटसम्म विद्युत् महसुल निःशुल्क गर्ने छौ । कार्यक्रममा सो वडाका वडा अध्यक्ष दरेश यादव,जिल्ला समन्वय समिति सदस्य सर्युग यादव, नेपालीका कांग्रेसका नगर सभापति युगेन्द्र यादव,वडा सदस्य लगाएत स्थानीयहरुको सहभागिता रहेको थियो ।

# निर्माण व्यवशायीको आन्दोलन जारी

**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहट स्थित निर्माण व्यवसायी संघ आवद्ध व्यबशायीहरु भुक्तानीको माग गर्दै दोस्रोदिन पनि आन्दोलन जारी राखेको छ ।
गत आर्थिक वर्षमा सम्पन्न भईसकेको योजनाको करोडौं रुपैयाँको भुक्तानी नगरेको भन्दै व्यवसायीहरु आईतवार देखि डिभिजन सडक कार्यालय रौतहट चन्द्रनिगाहपुर बिरुद्द आन्दोलनमा उत्रिएका हुन् । पहिलो दिन आईतवार व्यवसायीहरु डिभिजन सडक कार्यालय चन्द्रिगाहपुरमा तालाबन्दी गरी धर्ना सुरु गरेका थिए ।
करोडौं लिनुपर्ने भुक्तानी आर्थिक वर्षको अन्तिम दिनसम्म पनि नहुँदा संघका अध्यक्ष कृष्णदेव यादवको नेतृत्वमा गएको व्यवसायीहरुले आईतवार डिभिजन कार्यालयको मूलगेटमा तालाबन्दी गरेका थिए ।
तालाबन्दी पछी निर्माण व्यवसायीको टोलीले डिभिजन सडक कार्यालय अगाडि टायर




बालेर समेत बिरोध प्रदर्शन गरेका थिए ।
संघका अध्यक्ष ईन्जिनियर यादवका अनुसार डिभिजन सडक कार्यालय रौतहट मातहत निर्माणको काम गरेका साना ठूला गरी ४० भन्दा बढी व्यवसायीको २६ करोड भन्दा बढी भुक्तानी लिनुपर्ने बक्यौता रहेको छ ।
डिभिजन प्रमूख दारोगा साहले यस आर्थिक वर्ष भित्र जसरी पनि भुक्तानी हुन्छ हामी लागेका छौं भन्दै आश्वासन मात्र दिए तर आजसम्म पनि पाउने अवस्था न देखिएकाले बाध्य भएर आन्दोलनमा उत्रिएका जानकारी दिएका छन।
आज बिहानै देखी व्यवसायीहरु डिभिजन कार्यालय अगाडी धर्नामा बसेका छन् ।
रौतहट निर्माण व्यवसायी संघका महासचिव श्रीकान्त प्रसाद यादव ले आन्दोलन सोमबार देखी अझै सशक्त हुने बताएका थिए ।
जबसम्म हाम्रो भुक्तानीको प्रक्रिया सुरु हुदैन तबसम्म सडक कार्यालयको सम्पूर्ण कागजात अवरुद्ध रहने महासचिव यादवले घोषणा गरेका छन् ।निर्माण व्यवसायी संघका अध्यक्ष ईन्जिनियर कृष्णदेव यादवले डिवीजन कार्यालय मार्फत हाम्रो भुक्तानीको लागि विभाग र मन्त्रालयमा पटकपटक कुरा भईरहेको बताए । कार्यालयबाट समयमा भुक्तानी नहुँदा कैयौं व्यवसायी आर्थिक संकटमा परेकाले कुराले मात्र केही नहुने भुक्तानी प्रक्रिया सुरू नभएसम्म आन्दोलन जारी रहने बताए ।
व्यवसायिहरुको आन्दोलन सुरूभए सङ्गै डिभिजन प्रमुख डिई दारोगा साह कार्यालय छाडेका छन् भने उनलाई लाई पटकपटक फोन गर्दा उनले रिसिव गरेका छैनन ।

# गौशाला नगरपालिकाद्वारा अदालतको आदेश अवज्ञा




**मधेशदृष्टि**
**महोत्तरी ।**
गौशाला नगरपालिकाले सवोच्च अदालतको आदेश अवज्ञा गरेको छ ।
नगरसभा कार्यान्वयन नगर्न सर्वोच्चले दिएको आदेशविपरित नगरले सोमबारनै नगरसभाको बन्दसत्र समापन गरेको छ । नगरपालिकाकी उपमेयर रेणु कुमारी महतोले असार १५ मा गरिएको नगरसभामाथि असन्तुष्टि जनाउँदै सर्वोच्च अदालतको ढोका ढकढकाएकि थिइन् । उक्त रिटमाथि सुनुवाइ गर्दै असार २९ गते सर्वोच्चले नगरसभाको नीति तथा कार्यक्रमलाई यथावत राखी कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । सर्वोच्च अदालतको निमावली, २०७४ को नियम ४९(२) (ख) बमोजिम नगरपालिकाको नाममा अल्पकालीन अन्तरिम आदेश जारी भए पनि त्यसको अवज्ञा भएको छ ।
यता मेयर दिपेन्द्र महतोले नगरलाई कुनै आधिकारिक पत्र प्राप्त नभएको हुनाले नीति तथा कार्यक्रमलाई औपचारिकता दिएको बताए । मेयर महतोले अदालतले अहिले सम्म कुनै किसीमको औपचारिक पत्र नपठएकोले हामीले नगरसभा गरेको बताए । यद्यपी उनले अदालतले कार्यालयमा पत्र पठाए निर्णय मान्न तयार हुने बताए ।

# गोडैतामा नगरअस्पताल निर्माण हुँदै



**मधेशदृष्टि**
**मंलगवा ।**
सर्लाहीको गोडैता नगरपालिकामा १५ शैयाको नगर अस्पताल निर्माण हुने भएको छ ।
संघिय सरकारको स्वास्थ मन्त्रालयको लगानीमा नगर अस्पताल निर्माणका लागि न्यू ड्रागन निर्माण सेवा, कम्पनी काभ्रेले १७ करोड ३७ लाखमा ठेक्का पाएका छन् । गोडैता नगरपालिका वडा नं. ३ सिमरा भगवतिपुर बजारस्थित निर्माण हुन लागेको नगर अस्पतालको गोडैता नगरपालिकाका नगरप्रमुख देवेन्द्र कुमार यादवले आईतबार एक कार्यक्रमबीच शिलान्यास गरेका हुन् ।
अस्पतालको भवन निर्माणका लागि फाउण्डेशन राख्ने काम पुरा हुन लागेको न्यू ड्रागन निर्माण सेवा, काभ्रेका संचालक सदस्य कृष्णा सुवेदीले जानकारी दिए ।
उनका अनुसार दुई वर्षभित्र भवन निर्माण सक्नुपर्ने सम्झौता रहेको छ । सोहीअनुरुप कार्य भइरहेको छ । अस्पतालमा ठेक्का सम्झौताअनुसार पाले घर, स्वास्थ्यकर्मी बस्ने आवास, पर्खाल, शौचालय र गेट निर्माण हुनेछन् ।
२ तल्ले निर्माण हुने भवनमा अन्दाजी ८० भन्दा बढी कोठाहरु हुने छ । अस्पतालमा ठेक्का सम्झौताअनुसार पाले घर, स्वास्थ्यकर्मी बस्ने आवास, पर्खाल, शौचालय र गेट निर्माण हुनेछन् । स्थानिय स्तरमा सुविधा सम्पन्न अस्पताल निर्माण हुन लागेपछि स्थानियवासी हर्षित भएका छन् ।

# मनोज रामले पाए सर्वोच्चबाट आंशिक न्याय

**मधेशदृष्टि**
**राजविराज ।**
अन्तरजातीय प्रेमविवाह गर्दा कारागार पठाइएका मनोज राम सर्वोच्च अदालतको आदेशपछि आइतबार थुना मुक्त भएका छन् । श्रीमतीलाई अपहरण गरेको आरोपमा डेढ महिनादेखि सप्तरी जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा राखिएका मनोज आइतबार सर्वोच्चको आदेशपछि थुनामुक्त भएका छन् । न्यायाधीशद्वय सुष्मालता माथेमा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले रामको हकमा अधिवक्ता शैलेन्द्रप्रसाद हरिजनले गत ८ असारमा दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट जारी गरेलगत्तै उनी थुनामुक्त भएका हुन । सप्तरी जिल्ला अदालतबाट पत्र आएपछि साँझै मनोजलाई छाडिएको कारागारका निमित्त प्रमुख सदानन्द दासले बताए ।थुनामुक्त भएपछि मनोजले आंशिक न्याय पाएको प्रतिक्रिया दिए । उनले आफुले आंशिक रूपले न्याय पाएको बताउदै पूर्ण न्याय पाउन बाँकी रहेको बताए । जातीय विभेदकै कारण म र मेरो परिवारलाई फसाउने प्रयास गरिएको आरोप लगाउदै न्यायको लडाइँमा सहयोग गर्ने मिडिया र सर्वोच्च अदालतलाई धन्यवाद दिए ।
रामले आफ्ना परिवारको सदस्यले अझै न्याय नपाएको पनि बताए । 'मेरो दाइ अझै थुनामै छन्, बुबा र एक भाइ भाग्नुपरेको छ, उनले भने, उनीहरूलाई पनि न्याय दिनुपर्छ,' मेरो जोडदार माग छ।मनोज रामले आफ्नै श्रीमती बबिता इसरलाई अपहरण गरेको भन्दै व्यक्ति बेपत्ता पार्नेसम्बन्धी कसुरमा सप्तरी जिल्ला अदालत राजविराजले पुर्पक्षका लागि २४ जेठमा थुनामा पठाउने आदेश गरेको थियो ।
अन्तरजातीय प्रेमविवाहबाट छुटाउन बबिताका बुबा ललित इसरले छोरी नाबालिग रहेको र अपहरण भएको भन्दै मनोजविरुद्ध मुद्दा दायर गरेका थिए । उनैले पेस गरेको जन्मदर्ताका आधारमा जिल्ला न्यायाधीश रमेशप्रसाद ज्ञवालीले मनोजलाई थुनामा पठाउने आदेश दिएका थिए । जब कि उनीहरूले कपिलवस्तु जिल्ला अदालतमा विवाह दर्ता गर्दा पेस गरेको कागजातमा भने बबिताको जन्मदर्ता फरक थियो । बुबाले आफ्नो नक्कली जन्मदर्ता बनाएर श्रीमान् मनोजलाई जेल हालेको बबिताले बताउँदै आएकी थिइन् । मनोजकी श्रीमती बबिताले पनि सर्वोच्चबाट न्याय पाएकोमा खुसी व्यक्त गरिन । 'हामीले ढिलै भए पनि केही न्याय पाएका छौँ, उनले भनिन्, कसैलाई विवाह गर्दा जातीय विभेद नहोस्,' । तीन वर्ष प्रेम सम्बन्धमा रहेपछि मनोज र बबिताले ०७९ कात्तिकमा प्रेमविवाह गरेको थियो । त्यसपछि गत जेठमा जिल्ला अदालत कपिलवस्तुमा 'कोर्ट म्यारिज' गरेका थिए । 'कोर्ट म्यारिज' गर्दा अदालतमा पेस गरेको जन्मदर्ता प्रमाणपत्रमा बबिताको जन्ममिति १६ असोज ०५८ छ ।
जब कि बुबा ललितले भने मुद्दा दर्ता गर्नुअघि अग्नी साईर कृष्णासवरन गाउँपालिका– ४ बाट बबिताको नक्कली जन्मदर्ता बनाएर जन्ममिति २४ वैशाख ०६७ कायम गरेका थिए, जुन प्रमाणपत्रमा दर्ता मिति भने २५ पुस ०७५ र जारी मिति २२ पुस ०७२ थियो । तर, अंग्रेजीमा दर्ता नम्बर पनि उल्लेख थिएन । श्रीमानलाई जिल्ला अदालतले थुनामा पठाएपछि बबिता विभिन्न अधिकारवादी संस्था चहार्दै न्याय माग्दै सर्वोच्च पुगेकी थिइन् । सर्वोच्चले १० असारमा कारण देखाऊ आदेश जारी गरेको थियो ।

# फाउण्डेसनको शाखा बिस्तार




**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा पंकज शर्मा संयोजकत्वमा संवाद फाउण्डेसन सिरहा जिल्ला समिति गठन गरिएको छ । फाउण्डेसनका केन्द्रीय अध्यक्ष कुमार भास्करको अध्यक्षतामा बसेको बैठकले सिरहा कार्यसमिति बिस्तार गरेको हो ।
फाउन्डेसनले शाखा बिस्तारको क्रममा १५ सदस्य गरि शाखा बिस्तार गरेको छ । पंकज शर्मा, गीता ठाकुर, विकास साह, राजबिर साह, जयप्रकाश शर्मा, ओम प्रकाश साह, श्रवण महरा, फुलगेन पासमान, शशिकान्त रजक, यसै गरि १५ सदस्यहरू रहेका छन् ।
नव कार्यसमितिलाई बधाई तथा शुभकामना दिँदै फाउण्डेसनका केन्द्रीय अध्यक्ष भास्करले आफ्नो व्यक्तिगत जीवनसँगै फाउण्डेसनका माध्यमबाट सामाजिक कार्यमा पनि योगदान दिन आग्रह गरे । साथै सक्रिय युवाहरूको समूहले आफ्नो सीप र क्षमता प्रदर्शन गरी समाज रूपान्तरणमा टेवा पु–याउने विश्वास पनि उनले व्यक्त गरेका छन् । सिरहा जिल्लाको संयोजकको जिम्मेवारी पाएका शर्माले आफ्नो उत्तरदायित्व जिम्मेवारी पूर्वक निर्वाह गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् ।

# राजविराजमा मिटरब्याजी पीडितको जुलुस



**मधेशदृष्टि**
**राजविराज ।**
प्रतिनिधिसभाबाट मिटरब्याजसम्बन्धी प्रतिस्थापन विधेयक पारित भएपछि राजविराजमा मिटरब्याजपिडितले सोमबार विजय जुलुस प्रदर्शन गरेका छन् ।
जिल्लाका विभिन्न स्थानबाट सदरमुकाम राजविराज आएर पीडितहरूले विधेयकको समर्थनमा विभिन्न नारा लगाउँदै विजय ¥याली निकालेका थिए ।
स्थानीय शिव मन्दिरको प्राङ्गणबाट निकालिएको ¥याली नगरको विभिन्न स्थान परिक्रमा गरे ।
मिटरब्याजी पीडित संघर्ष समिति सप्तरीका अध्यक्ष तैयव अलिको नेतृत्वमा निकालिएको विजय ¥यालीमा गाउँ–गाउँबाट सदरमुकाम आएका पीडितहरु सहभागी थिए । नेपाल सरकार जिन्दाबाद ,मिटरब्याजी पिडित संघर्ष समिति जिन्दावाद लगायतका नारा लगाउदै अविर लगाएर झाकीसहित पीडितहरुले र्याली निकालेका छ्न । संघर्ष समिती सप्तरीका अध्यक्ष अलिले सरकारले मिटर व्याज पीडितको समस्या सम्बोधनका लागी विधेयक ल्याएको खुशीयालीमा विजय र्याली निकालिएको बताए । उनले विधेयक पारित भएकाले आफुहरुले न्याय पाउनेमा विश्वास व्यक्त गरे ।
संघर्ष समितीका केन्द्रिय प्रतिनिधि छेदी पासवानले मिटरब्याजी पिडितको समस्याप्रति प्रचण्ड नेतृत्वको सरकार गम्भीर देखिएको बताए । वर्तमान सरकारले पीडितको पक्षमा एकपछि अर्को असल कदम उठाएको भन्दै उनले बल्ल गरिव विपन्नहरुलाई सरकारको महुसुस हुन थालेको बताए ।मिटर व्याज पीडित ललिता साहले विधेयक आएसंगै लाखौं पीडितहरुले न्याय पाउने विश्वास व्यक्त गरेकी थिइन् ।

# खाल्डोमा डुबेर बालकको मृत्यु



**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीमा खाल्डोमा डुबेर एक बालकको मृत्यु भएको छ ।
तिलाठी कोइलाडी गाउँपालिका ७ स्थित लक्ष्मी वल्लभ नर्सिङ्ग माध्यमिक विद्यालयको छेउमा खनिएको खाल्डोमा डुबेर एक ८ बर्षिय बालक स्थानीय महादेव खंगको छोरा गोविन्द खंगको खाल्डोमा डुबेर मृत्युका भएको हो ।
खेतमा धान रोप्न गएका आमासंगै उक्त ठाउँ पुगेका बालक विद्यालयको पुर्वाधार निर्माण कार्य गर्ने क्रममा खनिएको खाल्डोमा जमेको पानीमा डुबेर मृत्यु भएको स्थानीयले जनाएको छ । दिउँसो ३ बजे खाल्डोमा डुवि बालकको मृत्यु भएको प्रहरी चौकी को. बर्साईनका इन्चार्ज प्रहरी नायव निरीक्षक रमेश सिंहले जानकारी दिए । बालकको शव परिक्षणका लागि राजविराज स्थित गजेन्द्रनारायण सिंह अस्पताल पठाएको उनले बताए । घटना बारे थप अनुसन्धान भइरहेको प्रहरी नायव निरीक्षक सिंहले जानकारी दिए ।
विद्यालयको पर्खाल निर्माणका क्रममा जेसिवीले खनिएको खाल्डो बेवारिसे अवस्था छोड्दा बालकको मृत्यु भएको बालकका आफन्तले आरोप लगाएका छ्न । विद्यालय प्रशासनको लापरबाहीले बालकको ज्यान गएको आक्रोशमा उनीहरुले विद्यालयमा तोडफोड गर्ने प्रयास गरेका थिए ।

**सत्यले संसारमा एक कदम टेक्नुअघि नै झूटले पूरा दुनियाँ चक्कर मारिसकेको हुन्छ ।**

–टेरी प्रिचेट

## सम्पादकीय

# घाटाको रेलमा समृद्धि खोजी

२१ वर्षपछि महोत्तरीको भंगाहा (बिजलपुरा) सम्म रेलसेवा पुगेको छ । आइतबार संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले हरियो झण्डा फहराउँदै रेलसेवा उद्घाटन गरेका छन् । रेलसेवा विस्तारले नेपाल–भारतबीच थप सुमधुर सम्बन्ध बन्नुका साथै दुवै तर्फबाट आवतजावतमा समेत सुविधा पुग्नेमा शंका छैन । उसो त सरकारको दाबी सुन्ने हो भने रेल सेवाले मुलुकले यातायात क्षेत्रमा फड्को पनि मारेको छ । सरकार बर्दिबाससम्म र बाराको निजगढसम्म रेल सेवा विस्तार गर्ने योजनामा छ । निजगढ–काठमाडौँ रेल सञ्चालनका लागि डिपिआर तयार छ । यसले त्रिदेशीय सम्बन्ध सुदृढमा कोशेढुंगो हुने अपेक्षा छ । भारतको बथनाहादेखि विराटनगरसम्म छिट्टै कार्गो रेल सेवा सञ्चालनको तयारी पनि छ । आर्थिक समुन्नति र व्यापार व्यवसाय प्रवद्र्धनका लागि रेल्वेको महत्वपूर्ण भूमिका बुझेर सरकार क्रियाशील देखिन्छ । जनकपुरधामसम्म रेल सेवा सञ्चालन भएको १५ महिनापछि रेलसेवा विस्तार भएर भंगाहा पुगेको हो । भारतीय रेल्वे कम्पनी इरकन इन्टरनेसनलले निर्माण गरेको रेल्वे ट्रयाक जेठ १८ गते नेपाल रेल्वे कम्पनीलाई हस्तान्तरण भएको थियो ।

जयनगर–जनकपुरधाम–कुर्था हुँदै कुल ३५ किलोमिटरसम्म रेलखण्डमा प्रतिदिन दुई पटक रेल्वेसेवा सञ्चालन भइरहेको छ । अब जयनगर–बिजलपुरासम्म रेल सञ्चालन हुँदा जयनगर–जनकपुर–कुर्थामा समेत एकपटक सेवा थप हुनेछ । जयनगरदेखि भंगाहा स्टेसनसम्म ५२ किमि रेलखण्डमा रेल सञ्चालन हुने भएको छ। कुर्थादेखि बिजलपुरासम्मको १७ किलोमिटर खण्ड रेल सेवा सञ्चालनमा आएको छ । बिजलपुरादेखि बर्दिवास खण्डको काम भने अझै अघि बढ्न बाँकी छ । महोत्तरीको भंगहा (बिजलपुरा)–कुर्था–नेपाल–भारतको सीमावर्ती क्षेत्रअवस्थित जयनगरसम्म रेलसेवा सञ्चालनमा आएपछि स्थानीय पनि खुशी छन् । खासगरी मधेश प्रदेशमा यातायात सहजता पार्ने रेल्वेसेवा प्रभावकारी हुने अपेक्षा गरिएको छ । रेल सञ्चालनपछि व्यापार विस्तार हुने र रोजगारी फस्टाउने अपेक्षा छ । नियमित सञ्चालनमा आएको नेपाल रेल्वेले पहिलो दिन १ हजार ५ सय यात्रुले यात्रा गरेको रेकर्ड राखेको छ । दैनिकरुपमा रेल्वेले दुई लाख रुपैयाँ भन्दा बढी आम्दानी गरे रेल्वे व्यवसाय नाफामा जाने देखिएको छ ।

उद्योगी व्यापारी रेल सेवा सञ्चालनले दुई देशबीच कनेक्टिभिटी जोड्न थप आयाम पुगेको बताउँछन् । पार्सल बोगी अर्थात् मालसमान ढुवानीका लागि बजार विस्तार रहेको सुझाउँछन् । भारततर्फबाट दिनहुँ आउने यात्रुले होटल व्यवसाय चले पनि किराना पसलदेखि अन्य व्यवसाय भने घाटामा छ । यताबाट जाने यात्रुले भारतबाटै खाद्यान्नलगायत लत्ताकपडादेखि अत्यावश्यक सामग्री खरिद गर्न थालेपछि बजारमा मन्दी भएको गुनासो पनि छ । धनुषाको जटही हुँदै पिपरौन नाकाबाट वर्षातयामको समयमा नाका नै अवरुद्ध हुने गरेकाले यसको विकल्पमा जलेश्वर नाकालाई सुख्खा बन्दरगाहको रुपमा खोल्नसके अझ उचित हुने व्यवसायीहरु बताउँछन् । महोत्तरीको जलेश्वर नाकालाई थर्ड कन्ट्रीको रुपमा खोल्न सके व्यापारी तथा व्यवसायीलाई लाभ मिल्नेछ बताइएको छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# साउने सोमबारी र आनन्ददाता



उपेन्द्रभगत नागवंशी
u.nagawanshi@gmail.com

वैदिककालमा शिवको चर्चा छैन् । वेदमा शिवलाई 'रुद्र'को रुपमा चित्रण गरिएको अवश्य भेटिन्छ । प्रथमवेद 'ऋग्वेद'को तिन सूक्तमा रुद्र महादेवको विषयमा हामिलाई जानकारी प्राप्त हुन्छ । ऋग्वेदको प्रथम मण्डलको ११४ सूक्त, द्वितिय मण्डलको ३३ तथा सातौं मण्डलको ४६ सूक्तमा अन्य वैदिक देउताहरुको साथमा रुद्रको चर्चा गरिएको पाइन्छ । तर, अन्य बैदिक देउताहरुकोअपेक्षा रुद्रलाई थोरै आकलन गरेका छन् । यसमा शास्त्र रचियताले त्यसकालखण्डमा षडयन्त्रपूर्वक बइमानी गरेको हुन कि भने आशंकापनि उत्पन्न हुन्छ ।

साउनमहिना मदनोत्सवको महिना हुन्छ । थोरै गर्मी,थोरै घाम, अधिक बरसातको मौशम हुन्छ । त्यसकारण वातावरणमा शीतलमय हुन्छन् । शीतलता प्रदायक मनोमुग्धकारी महिनामा कामजागृत हुने गर्छ । शीव देव त्यसैको प्रतिक हो । जस्को विशेष महत्वाका साथ साउनमा जलाभिषेस गर्ने पुजाआराधना गर्ने चलन सनातनी समाजमे रहिआएको छ । यसवर्ष झन् साउनको पहिलो दिन एकगतेक सोमबारकै दिन परेकाले यसपालिका साउन महिना अरु वर्ष भन्दा अधिक महत्वपूर्ण हुने भएको छ । यसवर्ष मलेमास अर्थात पुरुषतोत्म दुइगतेदेखि पर्ने भएको छ । पुरषोत्म मासमा दुइटानदी मीलेका संगमस्थलमा स्नान गर्दा मानिस प'ण्यका भागि बन्दछ । यस वैभव प्राप्त हुन्छ भने अध्यात्मिक मान्यता छ । मास स्नानमापनि म'ख्यतया शीवदेवकै प्रधान रुपमा पुजा हुन्छ । जनकपुरधाम नजिक पश्चिम तिर महोत्तरीको पिपराढीम गेरुकामा बिग्ही र गेरुकी नदीको संगमस्थलमा एकमास ठूलो मेला लाग्ने भएको छ ।

सनातन धर्म–सम्प्रदाय अन्तर्गत पञ्चदेउताको महत्व प्रमुखतामा रहेको हामि पाउंछौं । पञ्च देउताहरुमा शिव, बिष्णु, गणेश, सूर्य र देवीको नाम हुन्छ । यी देउता र देवीहरुमा सार्वाधिक महत्वकासाथ शिवकै चर्चा, लीला सर्वत्र छ र पहिलो प्राथमिकतामा शिव देव नै पर्छ । सांस्कृतिक रुपमापनि जतिसुकै देवी देउताहरुलाई मान्ने प्रचलन समाजमा छ त्यसमा शिवकै विभिन्न नाम भएको देउताहरुलाई मान्ने पद्धति परापूर्वकालदेखि नै विकसित भएर आएको छ । यस अर्थमा भन्नुपर्दा संसारमा कुनैएउटै देउताको सार्वाधिक मन्दिर छ र मान्ने प्रथा कायम छ भने त्यो हो–'शिव–शंकर–श्याम्भु–भोलेनाथ–रुद्र–महादेव' आदि नामले चिन्हित देउता 'शिव' !

वैदिककालमा शिवको चर्चा छैन् । वेदमा शिवलाई 'रुद्र'को रुपमा चित्रण गरिएको अवश्य भेटिन्छ । प्रथमवेद 'ऋग्वेद'को तिन सूक्तमा रुद्र महादेवको विषयमा हामिलाई जानकारी प्राप्त हुन्छ । ऋग्वेदको प्रथम मण्डलको ११४ सूक्त, द्वितिय मण्डलको ३३ तथा सातौं मण्डलको ४६ सूक्तमा अन्य वैदिक देउताहरुको साथमा रुद्रको चर्चा गरिएको पाइन्छ । तर, अन्य बैदिक देउताहरुकोअपेक्षा रुद्रलाई थोरै आकलन गरेका छन् । यसमा शास्त्र रचियताले त्यसकालखण्डमा षडयन्त्रपूर्वक बइमानी गरेको हुन कि भने आशंकापनि उत्पन्न हुन्छ ।

शिवको अर्थः शिव तिनबटा अक्षरबाट बनेको छ–'शंईव'.'शिव' । शिवको 'श' को अर्थ शयन तथा सुखवाचक र समाधीबोधक अर्थ यसमा निहित छ । 'ई' अभिष्ट सिद्धिको बोधक हो । यसबाट इच्छाएका कुरा पूर्तिगर्न सक्छ अर्थात् आफ्नो अभिष्ट पुरा गर्न सक्ने बाटो प्राणिले पाउंछन् । अभिष्ठको उपलब्धिले इच्छा–मनोकांक्षा समाप्त हुन्न जो भौत्तिक तापदायी कुरा हो । 'व' यो वीयु हो अमृत वीउ(बीज) । यसमा दैविकतापको निवारण हुन्छ । ताप भनेपछि प्राणिमा निहित प्रकृति–दैविकतापको निवारण हुन्छ । यसलाई नै शास्त्रीयभाषामा 'त्रिताप' भनिन्छ । शीवलाई त्रिलोकी देउता त्रितापकै कारण भनेको छ । जो कामेन्द्रीयसंग सम्बन्धित शब्दाबली हो । अर्थात् दैहिक, दैविक र भौत्तिकको विनाशक र विकासक दुबैकामको पुरककर्ता शिव हो । प्राणिमा जब काम–इन्द्रीय जागृत हुन्छ त्यो एकप्रकारको ताप हो । प्रकृति प्रदत् दैविक ताप ! त्यस्को पूर्तिहुंदा प्राणी आनन्दित हुन्छन् । त्यो पूर्ति हुनुनै बस्तुत मरण हो, प्राणिले मरणसंग बरण गरेपछि जो अंकुरण निर्माण हुन्छ त्यो अविष्कार हो, जो अविष्कारले सृष्टिको निर्माण हुन्छ, । सृष्टि चलायमान हुन्छन् त्यसबखत हामि पुनःआनन्दित हुन्छौ, अमृतबीजको महत्वा तब सिद्ध हुन्छ । त्यसबखत शिवत्वको स्वरुप हामि देख्छौं । अनुभूति गर्छौं ।

'शिव' शब्द 'वश कान्तौं' धातुबाट बनेको हो । यस शब्दको तातपर्य हो जसलाई सबैले चाहन्छन र माया गर्छन् त्यसले आनन्द दिन्छन् त्यो आनन्ददाता–'शिव' हो । शिव अखण्ड आनन्दको स्त्रोत हुंदा प्रायःसबै सनातनधर्म मानिने समुदायका ब्यक्तिबाट शिवको आराधना हुने हुंदा पुजनीय देउता भएका हुन् । यो आज भएको होइन सृष्टिको आरम्भ भएदेखि भएको मानिन्छ । सनातनधर्ममा अरु–अरु देउतालाई मान्ने र मनाउने विधि प्रकृया बनाएर बाध्य गरेंका थिए तत्कालीन समयमा तर शिवलाई स्वतः देव मानेर आराध्य देव समाजले बनाएका थिए । त्यसकारण सबैको प्रिय देव बनेको हो । अतः शिवको अर्थ 'आनन्ददाता' पनि हो ।

**अखण्ड आनन्ददाता शंकर**

अखण्ड आनन्द दिन 'शंकर' पनि हो जो शिवकै एकअर्को नाम छ । 'शं' को अर्थ–आनन्द तथा 'कर' को अर्थ–गर्नेबाला हुन्छ । यस हिसाबले 'शंकर' आनन्द उपलब्धकारी शिवदेव नै हुन् । त्यसकारण शिवको आराधना पुजा गरेर मानिस आनन्दित हुन्छन् । महिलाहरु शिवको पुजा गरेर दामपत्य प्रेमको एकनिष्टतालाई कायम राख्न ब्रत बस्छन् र आनन्द उठाउने गर्छिन् । यसकार्यमा पुरुषहरुकोपनि सहभागिता बराबर हुन्छ सहआनन्दी पुरुषपनि हुन्छ अनि दुबैमीलेपछि पूर्णानन्दको अवसर प्राप्त गर्छन जो बस्तुतः शिवकै कारण उपलब्द्ध हुन्छन् । भन्नुको तातपर्य हो शिव आनन्ददाता हो ! शिव सिद्धीदाता तथा अनन्त आनन्द दिनसक्ने देउता हुन् ! –शिव श्वासत सत्य छ ; हामिले यसरी बुझ्नु पर्ने हो ।

शिव–शंकरका पूर्णता प्रकृति एवं माया–प्रेमसंग सम्बन्धित हुन्छ । 'शेरते प्राणिनो यत्र स शिवा' प्राणि शयन–विश्राम गरेर थकावट दूर गर्छन् आनन्दित हुन्छन् त्यो अवस्था–'शिव' हो, शिवतत्वको असल प्राप्ति याहां निर हुन्छ जब नर–नारीको मीलन हुन्छ । मिलन बिन्दूको बेला शंकर अर्थात् प्राण रहित भौत्तिक शरीर केही क्षणकोलागि शिथिल हुन्छ अर्थात् केहीक्षण मर्छन् भनेपनि हुन्छ ,जो समयलाई हामि मीलनकृया भन्छौं । मिलन–कृया सक्ने कै नाम शिव–शिवाय हो !

**शिवतत्व रुप**

मूलतः शिवतत्वको तिनवटा रुप शास्त्रमा उल्लेख भएको पाइन्छ । एक–'कार्यब्रह्म' अर्थात् जगतको उदय स्थान ! दोस्रो–'कारणब्रह्म' अर्थात् निलय स्थान, तेश्रो हो–'कार्यकारणातीत ब्रह्म' अर्थात् विलय स्थान ! शिव हिमालयको कान्द्रा, गुफामा बास बसेर योग–ध्यान गर्ने भएकाले योगीन्द्र भएका हुन् । त्रिशुल धारणकर्ता र नन्दीसवारक भएकाले 'पशुपति', विदेहमुक्त हंदा 'दिगम्बर' कहलिए । सबैथोक दानदिन सक्ने र सबैकालागि तत्परता देखाउन भएकाले 'औघड़दानी' भए, आप्mनी अद्र्धाग्नि पार्वतीसंको सहवासमा हुंदाको स्वरुपमा 'अद्र्धनारीश्वर' भए । पदार्थमा हुने सबै प्रकारका घात–प्रतिघात तथाअणु–परमाणुहरुमा छन्दमय गति र मति प्रदाणकारक भएकाले शिवको अर्को रुप 'नटराज'को पनि भयो । जो बस्तुतः विज्ञ आनन्दपनि हो । अर्थात् बस्तुहरुको उद्भव र विकास र विघटन विज्ञानन्द बाटै हुन्छ जो शिवको नृत्यरुपले प्रष्टाउंछ र प्राणीजन्यलाई गतिमान बनाएको बोध हुन्छ ।

**शिव ब्रह्म रुप**

ओंमिति ब्रह्म, ओंमितिदं सर्वम । ओंमित्यदनुकृतिर्हस्म !

वेदबाट ज्ञात भए अनुसार शिवको पञ्चाक्षर मन्त्र छ । पाँच अक्षरका ती मन्त्र हुन्–'नमः शिवायः' । हामि यसलाई 'ओम् नमः शिवाय' उच्चारण गर्छौं । 'ओम्' प्रणव हो । पहिलो प्रणरुपि प्राण हो ! ओम् नै ब्रह्म हो जो सर्वत्र विद्यमान छ र ओम् नै शिवको साकार रुपपनि हो । ओम् नमः शिवायको नाम पटक–पटक उच्चारण गरिरहंदा प्राणी हरेक कष्टबाट मुक्त र बन्धन मुक्त हुन्छ । शिव स्वयं ब्रह्म हो । प्रलयपछि जो शेष रहन्छ त्यो नै ब्रह्म हो र शिवलाई प्रलंयकारी देवेउता शास्त्रमा भनिएको छ । प्रलयपछि पनि शेष जो रहन्छ त्यो नै शिव हो भनेका छन् । सृष्टिको आदिकालमा सत्य थिएन र असत्य पनि थिएन । केही थियो भने शिवत्व थियो । शिव सत्य हो सत्यनै शिव हो र शिवम् नै सुन्दर हुन्छ ।

**योऽन सन्न चासच्छिव केवलः अथातो ब्रहम जिज्ञासा । 'अस्य जन्मादस्य यतः'**

ब्रह्मसूत्रको दाश्रो सुत्रमा यसको अर्थ यसरी प्रष्टाइएको छ –'अस्य'–यस संसारमा, 'जन्मादि'–जन्म,रक्षा तथा विनाश, 'यस्य'– जोबाट हुन्छ त्यही ब्रह्म हो । अर्थात् संसारमा जन्मदिने, रक्षा र विनाश गर्ने काम जोबाट हुन्छ त्यहीं प्राणि, प्रकृति ब्रह्म हो । यसरी बुझन सकिन्छ । उक्त संस्कृति श्लोकको सोही अर्थ हो !

**शिव पुजनको परम्परा**

सत्यको स्वरुप स्थिर हुन्छन् । त्यहीं असत्यको परिवर्तनशील हुन्छ । तर यी दुबै नभएको बखत मात्र ब्रह्म थियो । त्यहीं ब्रह्म 'शिव' हो । यही शिव सृष्टिको उत्पादन रुप हुन् । यसमा यो भ्रम नरहोस् त्रिदेव–'ब्रह्मा,बिष्णु, शिव' अन्तगर्तका शिव हो भनेर ! त्रिदेव अन्तर्गतका ब्रह्मा बिष्णु महेश(शिव) आ आप्mनो कार्यले शक्ति प्राप्त गरेका थिए । र, प्राणिको कल्याणका निमित कार्य गरेका थिए त्यस अन्तर्गतका शिव ब्रह्म शिव हुन् । यी त्रिदेव प्राचीनकालमा मानव नै थए ।

यसमा भारतवर्षमा केही आयातित र केही मूलवासी थिए । आप्mनो कार्यप्रणाली र षडयन्त्रले उनीहरु देउता कहलाए । ब्रह्मा,बिष्णु अयाति–आर्यदेव भए । शिव त्यस समयका मूलवासी–अनार्य देव भए । यही कारण हो जो वर्तमान समयमापनि अरु जतिपनि देवी–देउताहरु भए अथवा छ त्यसमा शिव अवतारित पुरुष–देउता भएन । तर त्रिदेव अन्तर्गतका बिष्णु सार्वाधिक अवतारित देउता भएको हो । जो अकारण होइन ।

**शिव र लिङ्ग**

शिवको साकार तथा निराकार दुबैरुप छ तथा दुबैरुपमा पुजा–आराधना गरिन्छ । शिवको निराकार रुपमा उनको लिङ्गको पुजा गर्ने चलन पूर्वकालदेखि चल्दै आएको छ । त्यसैगरी साकाररुपमा विग्रहरुप(मूर्ति–प्रतिमा रुपमा) पुजा गर्ने चलन छ । बिग्रहरुपमा सार्बाधिक लिङ्गो आकारको नै पुजा हुन्छ । संसारमा यो नै सार्वाधिक पुराणों पुजापद्धति र परम्परा २१औं शताब्दिमा समेत विद्यमान छ ।

मानव जतिवैज्ञानिक भएपनि यो परम्परा जीवित छ । त्यस्को महत्वपूर्ण कारण हो लिङ्ग पुजनको सिद्धान्तमा नै सृष्टि निर्माणको विज्ञान लुकेको छ । यसलाई बुभ्mनेलेपनि मान्छन् र नबुझनेलेपनि मान्दैआएका छन् । किन भने प्राणिको प्राण प्रकृतिसंग, जीवन जगतसंग त्यसैगरी जुडेर आइरहेका छन् । शिव–लिङ्गबाट सम्पूर्ण विश्वको उत्पति, स्थिति र त्यसैमा सबैको लय–तरङ्ग निहित हुन्छन् त्यसैलाई लिङ्ग भनिन्छ । शास्त्रमा 'लयनाल्लिंगमुच्यते' भनेर ब्याख्या पाइन्छ । त्यसमा लिङ्गबाट नै पुनः सृष्टिको उदय हुन्छ । सृष्टि निर्माणकालागि लिङ्गको सुरक्षित स्थानमा स्थापित हुनुपर्छ । त्यस्तो स्थितिकालागि सुरक्षित स्थान लिङ्गकोलागि 'योनि' हुन्छ । त्यसकारण लिङ्गलाई 'पिता' र योनिलाई 'माता'को संज्ञा दिएको पाइन्छ ।

**'पितृमातृस्वरुपेण स्वलिङ्ग प्रपूज्येत'**

लिङ्गको स्थितीका स्थान योनि हुन्छ त्यसमा स्थापित हुन्छ । त्यसमा स्थापित भएपछिनै परमआनन्दको अनुभूति प्राणिले प्राप्त गर्छन् । त्यस्तो आनन्द अन्य कुनै कृयाबाट प्राणिले प्राप्त गर्दैन । बुभ्mनुपर्ने कुरा यहि हो । योनि मातृशक्तिको चिन्ह हो भने लिङ्ग पौरुषशक्तिको चिन्ह हो । मातृचिन्हको प्रतिक देवी पार्वती हुन् भने पौरुष शक्तिको प्रतिक शिव–महादेव हुन् । यसै लिङ्ग–योनिको चिन्हित शक्तिलाई भगवान भनिएको तलको श्लोकबाट बुभ्mनु पर्दछ ।

लिङ्ग वेदी महावेदी लिङ्ग साक्षान्महेश्वरः !
तयोः सम्पूजनान्नित्यं देवी देवश्च पूजितौ !

लिङ्ग र योनिको स्थापित्य योग धारन गरेको काललाई नै भगवान भनि व्यख्या पाइन्छ । 'भग'लाई योनि, 'वान' लाई युक्त र लिङ्गलाई धारक भनिन्छ । भग–योनिंवान लिङ्ग युक्त धारक प्राणि–भगवान हुन्छ भने कुरा बुझ्नु पर्ने हो ।

शिवतत्वबाट अछुत कोही छैन् संसारमा त्यसकारण पुरै संसार शैवधर्म मानिने सम्प्रदाय हुन र सबै शिवका सन्तान हुन भनेपनि हुन्छ । शिवतत्वको सरलताले मानिस शान्ति तथा 'त्राण' सहजताले प्राप्त हुन्छ । यही कारणले साक्षर,निरक्षर जो जस्तो विचार सिद्धान्तका मानव भएपनि जुनसुकै ढुङ्गालाई एकठाउँमा स्थापित गरी शिव–लिङ्ग मानेर पुजा–आजा गर्न थाल्छन् । सो ढुङ्गालाई मान्य गरेकाले त्यस्मा अद्भूत शक्तिको श्रोत मानवले प्राप्त गर्छन् । नेपालमा मात्रै नभएर संसारका अन्यक्षेत्रमा अनेक समुदायमापनि सो प्रथा मायम छ । मात्र नाम र पद्धतिमा भिन्नता हुन्छ । शिव र शिवतत्वको बिराटता, बिचित्रता र विशेषता यसैबाट प्रमाणित हुन्छ ।

प्राचीन मिस्रबाट लिङ्ग पुजा विधानको ज्ञान ऐतिहासिक दस्तावेजहरुको अध्ययनबाट हामिलाई हुन्छ । मुश्लिम बाहुल्य देश 'मक्का' र 'मदिना'मा बहुप्रसिद्ध धार्मिक स्थलमा गरिने पुजापनि शिवकै पुजा हो । तर वर्णाश्रम कट्टरवादले यसमाथि धेरैथोक पर्दा उठन् सकेको छैन् । सिन्धुघाटीको सभ्यताको विकासलाई नै वर्तमानमा 'हिन्दुसंग्या दिएको छ । त्यसधर्मको साम्प्रदायिक स्वरुपको प्रसस्त प्रतिमाहरु उत्खन्नमा भेटिएको थियो । सबैप्राप्त प्रतिमाहरुलाई तिनखण्डमा विभाजन गरियो । त्यसमा प्रसस्त लिङ्ग र योनि आकार–प्रकारको प्रतिमा प्राप्त भएको थियो । साउने सोमबारीको उपवास र पुजनपद्धतिको विज्ञान नर–नारीबीचको माधुर्य सम्बन्ध सूत्र हो ।

दामपत्य प्रेमको एकनिष्टता र समर्पनको माध्यम एकअर्कालेे यसपर्वको माध्यमबाट बनाउनु पर्छ । अरुबेला रिसाएको भएपनि यस बखत अतृप्त अन्तकरणलाई तृप्तगर्ने काम हुन्छ र गर्नुपर्छ । सोही साधना–ध्यान मानवको अन्तकरणलाई प्रसन्नचित्र राख्ने कार्य गर्छन् । शारीरिक भूखले दैहिक मात्र होइन मानसिक सुखान्भूतिपनि यसैबाट हरेक प्राणिले प्राप्त गर्छन् । मानिस तनाव मुक्त हुन्छन् । जीवन जगत निर्विल्प चलायमान–गतिमान हुन्छ !

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभभ्का : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन खेलकुद तथा मनोरञ्जनात्मक कार्यमा बित्ला, पारिवारिक मित्रता तथा रमाइलो यात्रा होला ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ नयाँ मित्रहरूसंगको भेटले मन आनन्दित रहला। आर्थिक लाभका नयाँ नयाँ मार्गहरु नि प्रशस्त होलान् ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आजको दिन नयाँ बस्त्र तथा आभुषण प्राप्त हुने योग छ। आटेका वा सोचेका काम कार्यहरू पूरा होलान् ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आजको दिन शिक्षा क्षेत्रमा सफलता पाउनुका साथै कुनै लेख रचना तथा साहित्यिक कार्यको थालनी होला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज कुनै उपहार तथा पुरस्कार प्राप्त हुने योग पनि रहेको छ ।आज दक्षिण तिरको यात्रा नगरेकै राम्रो होला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आजको दिन अपर्झट कुनै पनि स्थानको यात्रा हुनसक्छ, खेलकुद तथा साहित्यिक क्षेत्रमा तपाईंको सहभागीताले उत्साह थपिएला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज हर्ष तथा प्रसन्नताका साथ समय बित्नेछ, आज को दिन आध्यात्मिक चिन्तनमा मन जाने देखिन्छ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
तपाईंको लगनशीलता तथा पराक्रमले कठिन भन्दा कठिन कार्यहरू पनि सहजै सम्पन्न+ होलान् ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आजको दिन धन आर्जनका विभिन्न मार्गहरु प्रशस्त होलान् धन तथा मान प्राप्ति हुनसक्छ, वैदेशिक यात्राका अवसरहरु पनि आउनसक्छ,

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन तपाईंको व्यक्तित्व देखेर सबै प्रभावित होलान् , आर्थिक लेनदेनमा विशेष सावधानी अपनाउनुहोला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन अनावश्यक खर्चको योग आएको छ तपाईंको कमजोरीको फाइदा उठाउलान्, धैर्य तथा विवेकले काम लिनुहोला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन तपाईंलाई गुप्त बिद्या तथा शिक्षा प्राप्त होला , आज विशेष परिस्थितिले दिनभर मन रमाउला ।

# बैंकिङ कसुरमा पूर्वमन्त्री यादव पक्राउ



**मधेशदृष्टि**
**बाँके ।**
बैंकिङ कसुरको अभियोगमा लुम्बिनी प्रदेशका पूर्व कृषि मन्त्री विजयबहादुर यादव पक्राउ परेका छन् । नेकपा एमालेका नेतासमेत रहेका यादवलाई जिल्ला प्रहरी कार्यालय बाँकेको टोलीले आइतबार साँझ पक्राउ गरेको प्रहरी नायव उपरीक्षक नारायण डाँगीले जानकारी दिए । उनका अनुसार यादवलाई बैंकिङ कसुर मुद्दामा पक्राउ गरेर रुपन्देही प्रहरीको जिम्मा लगाइएको जानकारी दिए । प्रहरी नायव उपरीक्षक डाँगीका अनुसार बैङ कसुर मुद्दामा जिल्ला अदालत रुपन्देहीबाट जारी भएको पक्राउ पुर्जी प्राप्त भएपछि पूर्व मन्त्री यादवलाई बाँकेको डुडुवा गाउँपालिका–१ होलियाबाट पक्राउ गरिएको थियो । यादवले रुपन्देहीको सियारी गाउँपालिका–१ का उमाशंकर यादवको नाममा १० माघ २०७० मा काटेको चेक अनादर भएको थियो । यादवले १२ लाख २८ हजार रुपैयाँ चेक काटेर दिएपनि पटक पटक बैंक जाँदा पर्याप्त मौज्दात नभएको देखिएपछि चेक अनादर (बाउन्स) भएको थियो ।
भुक्तानीका लागि चेक लिएका यादवले प्रहरीमा पूर्वमन्त्री यादवविरुद्ध चेक अनादरको उजुरी दर्ता गरेका थिए । यादले नेपाली कांग्रेसबाट राजनीति थालेका थिए । २०७४ को आमनिर्वाचनमा नेपाली कांग्रेसबाट टिकट नपाएपछि उनी जसपामा प्रवेश गरेर प्रदेश सभा सदस्यमा निर्वाचित भएका थिए । तर जसपाको निर्णयविपरीत दोस्रो पटक शंकर पोखरेल नेतृत्वको सरकार टिकाउन भूमिका खेलेपछि उनी कारबाहीमा परेका थिए । पार्टी कारवाहीमा परेपछि प्रदेशसभा सदस्य पद खोसिएका उनी एमाले नेता पोखरेल नेतृत्वको सरकारमा मन्त्री बनेका थिए । तर कारबाहीमा परेपछि उनले प्रदेश सभा सदस्य पद गुमाएका थिए ।
जसपाको कारबाहीमा परेपछि उनी ३१ साउन २०७९ मा जसपा छाडेर एमालेमा प्रवेश गरेका थिए । उनी २०७४ को निर्वाचनमा लुम्बिनी प्रदेशसभामा बाँकेको प्रदेश सभा निर्वाचन क्षेत्र 'क'बाट निर्वाचित भएका थिए ।
मन्त्री रहेकै बेला यादवलाई २०७९ साउनमा एमाले केन्द्रीय उपाध्यक्ष युवराज ज्ञवाली र केन्द्रीय कमिटी सचिव तथा लुम्बिनी प्रदेश इन्चार्ज छविलाल विश्वकर्माले बाँकेमा आयोजित एक कार्यक्रममा एमाले प्रवेश गराएका थिए ।

# 'रासायनिक मल पाउन सास्ती र हैरानी खेप्ने दिन गए'




**रासस**
**काठमाडौँ ।**
सरकारले चाहेमा आम किसानले भोग्नुपरेका सास्ती र हैरानीलाई कसरी अन्त्य गर्न सक्दोरहेछ भन्ने कुरा यसपटकको धान रोपाइँपूर्वको अवस्थाले पुष्टि गरेको छ । कृषिप्रधान देशको किसानले नै रासायनिक मल (युरिया, डिएपी र पोटास) प्राप्त गर्न भोग्नुपरेका सङ्घर्षका कथा आफैँमा अत्यन्त्य पीडादायी हुने गर्दथे । 'मानो रोपेर मुरी उब्जाउने बेला' अर्थात् असारे धान रोपाइँका समयमा मल प्राप्त गर्न पनि देशैभरका किसानले सधैँ धेरै पसिना बगाउनुपर्दथ्यो ।
वर्तमान सरकारको 'रासायनिक मलको अभाव हुन नदिने' नीतिलाई कार्यान्वयन गर्ने क्रममा गरेको दूरदृष्टि निर्णयले यसपटक कहीँकतै रासायनिक मलको हाहाकार नभएको हो । विशेष गरी प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मलको अभाव हुन नदिन निरन्तर गरेको निगरानी, समन्वय, सहजीकरण र चासोले गर्दा वर्षादेखिको समस्या यसपटक दोहोरिन पाएन । विशेष गरी असारे धान रोपाइँका समयमा मल अभाव हुने नेपालका लागि दीर्घकालीन रोग हो ।
रासायनिक मल आयातका लागि स्वीकृति पाएका निकायले समयअगावै मल ल्याएका र किसानले भने जति पाएकाले पनि सङ्घीय सदनमा यससम्बन्धी आवाज उठ्नै पाएन । मल अभावसम्बन्धी कुरा जननिर्वाचित सर्वोच्च निकायमा उठान नभएको सम्भवतः पहिलोपटक हुनसक्छ । यसपटक कुरा उठान भयो त– 'स्वदेशमा नै रासायनिक मल कारखाना स्थापना गर्नुपर्यो, किन बजेट विनियोजन गरिएन ?'
खण्डवृष्टि भएकाले अहिले आधाआधी रोपाइँ सकिएको छ । धमाधम रोपाइँ जारी रहँदा कहीँकतै मलको अभाव भएको किसानले गुनासो गरेका छैनन् । किसानले आफूलाई पायक पर्ने स्थानबाट आफूले चाहेको जति मल प्राप्त गरिरहेका छन् । उनीहरूका लागि समयमा मल, बीउ र तत्काल प्राविधिक सहयोग पाउनु नै खुसीका विषय हुन् । ती कुराहरू सहज उपलब्ध गराउनु सरकारको दायित्व नै हो । उसो त सरकारले यस वर्ष समयमै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुर्याएर वर्षौंदेखिको समस्यालाई अन्त्य गरेको थियो । विद्यार्थी र किसानबाट सरकारले प्राप्त गरेको ऐतिहासिक स्यावासीलाई जोगाइ राख्नु जरुरी देखिन्छ ।
साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले भनिन् 'प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मल अभाव हुन नदिन निरन्तर राख्नुभएको चासो, अर्थ मन्त्रालयको सहयोग, कृषिमन्त्री, कृषिमन्त्रालयसका सचिव र सहसचिवको ताकेता र समन्वयले गर्दा यसपटक रासायनिक मलको समस्या हटेको हो ।' रासायनिक मल आयातका लागि स्वीकृति पाएका निकायमध्येको कर्पोरेशनन पनि एक हो ।
तत्कालीन प्रधानमन्त्री डा बाबुराम भट्टराईले कर्पोरेशनलाई पहिलो पटक रासायनिक मल आयातको लागि स्वीकृति प्रदान गर्न सहयोग र समन्वय गरेका थिए । तत्कालीन समयमा कर्पोरेशनले पहिलोपटक ८५ हजार मेट्रिक टन मल समयअगावै ल्याई आफ्ना डिपोमार्फत वितरण गरेको थियो । यसबाट कर्पोरेशनले आफ्नो चुस्त व्यवस्थापनको क्षमता पुष्टि गरेको थियो ।
कर्पोरेशनको व्यवस्थापन अत्यन्त चुस्त र पारदर्शी भएकाले त्यसपछि हरेक वर्ष सरकारले उसलाई मल आयातका लागि कोटा निर्धारण गरी स्वीकृत दिँदै आएको छ । 'हामीलाई सरकारले सहजीकरण गरिदिएमा सरकारले भनेका समयमा भने जति मल ल्याउन सक्छौँ, यसका लागि हाम्रो व्यवस्थापन समक्ष छ', उनले भनिन् 'हामीले ल्याएका मलको सही प्रयोग कसरी गर्ने भन्ने बारेमा किसानलाई जानकारी पनि दिने गर्दछौँ । यसबाट किसान औधि खुसी छन् ।'
कार्यकारी अधिकृत श्रेष्ठका अनुसार आर्थिक वर्ष २०७९/०८० मा कर्पोरेशनलाई युरिया, डिएपी र पोटास गरी कूल एकलाख ९८ हजार मेट्रिक टन मल ल्याउन सरकारले स्वीकृति दिएको थियो । सो परिमाणमध्ये अधिकांश मल भित्रिसकेको छ । स्वदेश भित्रिन बाँकी २० हजार मेट्रिक टन युरिया, २६ हजार दुई सय ८५ मेट्रिक डिएपी र दुई हजार पाँचसय मेट्रिक टन पोटास मार्गस्थलमा रहेको र यही साउनभित्र आइसक्ने कर्पोरेशनले जनाएको छ । कर्पोरेशनको गोदाममा २३ हजार ५२ मेट्रिक टन युरिया, ३२ हजार पाँच सय ८५ मेट्रिक टन डिएपी र दुइहजार पाँच सय चार मेट्रिक टन पोटास गरी ५८ हजार एक सय ४१ मेट्रिक टन मौज्जाद रहेको बताइएको छ ।
आव २०८०/०८१ को प्रथम चौमासिकका लागि सरकारले कर्पोरेशननलाई ४९ हजार मेट्रिक टन युरिया र ३० हजार मेट्रिक टन डिएपी ल्याउन स्वीकृति दिएको छ । कर्पोरेशनको कार्यकारी अधिकृत श्रेष्ठले भनिन् 'सरकारले प्रथम चौमासिकका लागि स्वीकृति दिएको मल आयातका लागि बोलपत्र गरी सम्झौता गरिसकिएको छ । अब एलसी खोल्ने क्रममा छौँ ।'
कर्पोरेशनले ल्याएको मल प्रमुख जिल्ला अधिकारीको संयोजकमा रहने समितिले आवश्यकताका आधारमा प्रदेश र स्थानीय पालिकाका सिफारिसमा स्थानीय 'डिलरले' ले बिक्री वितरण गर्ने गर्दछन् । एक अध्ययनका अनुसार नेपालमा कृषियोग्य जमिन खुम्चिदै जाँदा पनि चार लाख मेट्रिक टन युरिया, तीनलाख मेट्रिक टन डिएपी र ८० हजार मेट्रिक टन पोटास मल खपत हुने जनाइएको छ । चालु आवको लागि सरकारले मलका लागि ३० अर्ब रुपैयाँ अनुदान दिने जनाएको छ ।

# नेप्से परिसूचकमा उच्च अङ्कले वृद्धि




**रासस**
**काठमाडौँ ।**
नयाँ आर्थिक वर्ष सुरु भएकै दिन धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक उच्च अङ्कले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४७ दशमलव शून्य सात अङ्कले उकालो लागेर दुई हजार एक सय ४४ दशमलव १६ मा पुगेको हो ।
यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक नौ दशमलव ९५ अङ्कले उकालो लागेर चार सय चार दशमलव १० पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये आज १२ उपसमूहको शेयर मूल्य वृद्धि भएको छ भने एक उपसमूहको शेयर मूल्य भने ओरालो लागेको छ ।
कूल ७६ लाख ३४ हजार एक सय ९० कित्ता शेयर दुई अर्ब ५६ करोड एक लाख ९१ हजार दुई सय ८८ रुपैयाँमा कारोबार भएको छ ।
जानकारहरुका अनुसार बैंक तथा वित्तीय संस्थाले ब्याजदर घटाउनु तथा नयाँ आर्थिक वर्षको प्रभावस्वरुप बजारमा सकारात्मक प्रभाव पर्न गएका हो । नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको १४ करोड ८६ लाख १९ हजार चार सय ५५ रुपैयाँ बराबरको कारोबार भएको छ ।
यस्तै हिमालयन लाइफ इन्स्योरेन्स १० करोड ८४ लाख ६४ हजार आठ सय ९९ रुपैयाँ, साइन रेसुङ्गा डेभलपमेन्ट बैंक सात करोड ७५ लाख १३ हजार छ सय ७२ रुपैयाँ, सोल्टी होटल सात करोड ७३ लाख ३२ हजार दुई सय ४८ रुपैयाँ र आइजीआई प्रुडेन्सियल इन्स्योरेन्सको पाँच करोड ११ लाख ७६ हजार एक सय ६३ रुपैयाँ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार बिपिडब्ल्यू लघुवित्त र युनाइटेड अजोड इन्स्योरेन्सको शेयर मूल्यमा दस प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । अभियान लघुवित्त नौ दशमलव ८७, सिर्जनशील लघुवित्त सात दशमलव ८० र मल्टिप्रर्पोज लघुवित्तका लगानीकर्ताले सात दशमलव ३२ प्रतिशतले कमाएका छन् ।
यस्तै कुमारी धनवृद्धि योजना आठ दशमलव ३७, सानीमा ग्रोथ फण्ड सात दशमलव ५१, सानीमा लार्ज क्याप फण्ड छ दशमलव २८, बैंक अफ काठमाडौँको ऋणपत्र पाँच दशमलव ८६ र मेगा म्युचुअल फण्डमा पहिलोका लगानीकर्ताले चार दशमलव ६३ प्रतिशतले गुमाएका छन् ।

# 'डिजल भण्डारण गृह निर्माणले ऊर्जा सुरक्षा सुनिश्चित गरेको छ'



रासस
पोखरा ।
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले पोखरामा इन्धन भण्डारण गृह निर्माणले मुलुकको ऊर्जा पूर्वाधारलाई सुदृढ गर्दै राष्ट्रको ऊर्जा सुरक्षा सुनश्चित गरेको बताएका छन् ।
कास्कीको पोखरा महानगरपालिका वडा नं २९ र ३० गगनगौँडामा नेपाल आयल निगमले निर्माण गरेको डिजल भण्डारण गृहको आज उद्घाटन गर्दै मन्त्री रिजालले यस डिपोमा विस्तारित भण्डारण क्षमताबाट अन्य क्षेत्रले पनि फाइदा लिन सक्ने बताए ।
निगमले उक्त स्थानमा निर्माण गरेको १० हजार किलोलिटर क्षमताका दुई वटा डिजल भण्डारण र २४ हजार किलोलिटर क्षमताको पानीट्याङ्कीको सोमबार उद्घाटन गरिएको हो । निगमले करिब रु ८९ करोड लगानीमा उक्त भण्डारण गृह निर्माण गरेको जानकारी दिएको छ ।
'नेपाल आयल निगमले निर्माण गरेको यस डिजल भण्डारण गृह निर्माणले यस क्षेत्र तथा परिआएको अवस्थामा देशका अन्य क्षेत्रका लागि समेत थप भरपर्दो आपूर्ति शृंखला सुनिश्चित गर्न र उच्च माग वा अप्रत्याशित परिस्थितिमा इन्धन अभावको जोखिमलाई कम गर्न सक्छ', मन्त्री रिजालले भने ।
उनले इन्धन भण्डारण गृह निर्माणले ऊर्जा पूर्वाधार विकास तथा देशको उड्डयन क्षेत्रलाई थप प्रगतिको पथमा अघि बढाउने एउटा महत्त्वपूर्ण घडीको सुरुआत भएको बताए । यसका लागि परियोजना निर्माणमा संलग्न सबैलाई मन्त्री रिजालले धन्यवाद दिए ।
'हालैका वर्षमा नेपालको आन्तरिक र अन्तर्राष्ट्रियरूपमा हवाई यात्रामा वृद्धि हुँदै गइरहेको अवस्था छ । मनमोहक हिमाल र शान्त तालको बीचमा रहेको सुन्दर नगरी पोखरा पर्यटकीय गन्तव्य बन्दै गएकोमा हवाई यात्राको बढ्दो मागलाई समायोजन गर्न निर्माण हुने हवाई इन्धन डिपोले थप सहजता ल्याउने छ', उनले भने, 'डिपो सञ्चालन पश्चात निगमले उड्डयन उद्योगलाई विश्वस्तरीय हवाई इन्धन र रिफ्युलिङ सुविधाहरू उपलब्ध गराउनेमा विश्वास लिएको छु ।'
यस हवाई इन्धन डिपोको निर्माण तथा सञ्चालनले पोखरालाई मात्र नभई सिङ्गो राष्ट्रलाई नै फाइदा पुग्ने उनको भनाइ छ । यसले पर्यटन प्रवर्द्धन र आर्थिक वृद्धिलाई समेत प्रोत्साहन गर्ने भन्दै उहाँले देशको सामाजिक–आर्थिक विकासमा थप योगदान पुर्‍याउने भनाइ व्यक्त गरे ।
'हवाई इन्धन तथा अन्य पेट्रोलियम पदार्थको सहज र निर्वाध आपूर्ति सुनिश्चित गर्न, हवाई इन्धनको सहज आपूर्ति व्यवस्थापन गर्न र समयसापेक्ष पूर्वाधारहरूको विकास गर्ने कार्यमा नेपाल सरकार र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट निगमलाई सदैव सहयोग हुने व्यहोरा जानकारी गराउँदछु', उनले भने ।
पेट्रोलियम ऊर्जामा पहुँच अभिवृद्धि कार्यले औद्योगिक विकासलाई अगाडि बढाउन, नागरिकहरूको जीवनस्तर सुधार गर्न तथा नवप्रवर्तन र अवसरको वातावरण बनाउन अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उनले धारणा राखे ।
उनले भण्डारण ट्याङ्कहरू डिजाइन र निर्माणमा आधुनिक प्रविधिहरू र उत्कृष्ट अभ्यासको समावेशले निगमको वितरण प्रणालीमा थप चुस्तता ल्याई कार्यसम्पादन सहज हुने विश्वास लिएको बताए । नव निर्मित ट्याङ्कहरूमा जडित उच्च सुरक्षा मापदण्डहरू, स्वचालित नियन्त्रण उपायहरू र प्रभावकारी निगरानी प्रणालीहरूले इन्धनको भण्डारण र वितरणलाई सहज बनाउने उनको विश्वास छ ।
'पोखरा डिपोमा निर्मित यी इन्धन भण्डारण ट्याङ्कीले नेपालको ऊर्जा सुरक्षा, आर्थिक वृद्धि र दिगो विकासतर्फको यात्रामा महत्वपूर्ण योगदान दिन सफल रहोस्', मन्त्री रिजालले भने, 'पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई इन्धन डिपो समयमै निर्माण सम्पन्न गर्न सबै सरोकारवालाहरूको ध्यान पुगोस ।'

# वृद्धावस्था सुरक्षा योजनाका योगदानकर्तालाई ७.५ प्रतिशत व्याज




**रासस**
**काठमाडौँ ।**
सामाजिक सुरक्षा कोषले चालु आव २०८०/८१ का लागि योगदानकर्ताले वृद्धावस्था सुरक्षा योजनामा जम्मा गरेको रकममा वार्षिक सात दशमवल पाँच प्रतिशत व्याज प्रदान गर्ने भएको छ । कोषले सञ्चालन गरेको वृद्धावस्था सुरक्षा योजनामा २३ अर्ब ७४ करोड ३७ लाख ७७ हजार रुपैयाँ योगदान रकम सङ्कलन भएको छ । कोष सञ्चालक समितिको बैठकले आवकाश कोषबाट योगदानकर्ताले लिएको विशेष सापटीमा वार्षिक ८ दशमवल ६० प्रतिशत व्याज लाग्ने निर्णय गरेको हो ।
धितोमा आधारित घर सापटी तथा शैक्षिक सापटीमा वार्षिक ९ दशमवल २५ र धितोमा आधारित सापटीको किस्ता भुक्तानी म्याद नाघेकामा १ प्रतिशत हर्जना व्याज लिने निर्णय गरेको कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिए । उनका अनुसार कोषमा हालसम्म ३६ अर्ब ४४ करोड रुपैयाँ योगदान रकम सङ्कलन भइसकेको छ ।
औषधोपचार, स्वास्थ्य तथा मातृत्व योजनामा एक अर्ब १० करोड ४८ लाख ६५ हजार रुपैयाँ, दुर्घटना तथा अशक्तता सुरक्षा र आश्रित परिवार सुरक्षा योजनामा एक अर्ब ९८ करोड ४० लाख ५६ हजार रुपैयाँ र अतिरिक्त योगदान शीर्षकमा नौ अर्ब ६१ करोड १५ लाख २८ हजार रुपैयाँ सङ्कलन भएको कोषले जनाएको छ ।
कोषमा गत असार मसान्तसम्म औपचारिक क्षेत्रका चार लाख २३ हजार नौ सय २९ र वैदेशिक क्षेत्रका दुई लाख २३ हजार पाँच सय ३५ गरी कूल छ लाख ४७ हजार चार सय ६४ श्रमिक आबद्ध भएका छन् । कोषले ८९ हजार दुई सय ४६ योगदानकर्तालाई विभिन्न सुविधा योजनाअन्तर्गत पाँच अर्ब सात करोड रुपैयाँ दाबी भुक्तानी गरेको छ ।

# मुख्यमन्त्री शर्माद्वारा औद्योगिक करिडोरको अध्ययन



**रासस**
**कर्णाली ।**
कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री राजकुमार शर्माले सुर्खेतको पूर्वी क्षेत्रमा पर्ने 'छिन्चु–मेहलकुना औद्योगिक करिडोर'को स्थलगत अध्ययन गरेका छन् । उनले सोमबार भेरीगङ्गा नगरपालिकाको छिन्चु–मेहलकुना औद्योगिक करिडोरको अध्ययन तथा निरीक्षण गरेका हुन् ।
अध्ययनपश्चात् मेहलकुनामा सोमबार आयोजित 'छिन्चु मेहलकुना औद्योगिक करिडोरको सम्भाव्यता अध्ययन' विषयक बृहत् छलफल कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री शर्माले कर्णालीको औद्योगिक विकास हुन नसनकेको जनाए । 'कर्णाली कसरी निर्माण गर्न सकिन्छ भन्ने कोणबाट अध्ययन, अनुसन्धान गरी साधन स्रोतहरुको परिचालन गर्नुपर्ने अवस्था छ,' उनले भने, 'तसर्थ कर्णाली आर्थिक समृद्धिमा कसरी जान सक्छ भन्नेमा हामी गम्भीर हुनैपर्छ ।'अहिले पनि कर्णाली घट्ट, जाँतो, कुटो, कोदालोको त्यो परम्पागत युगभन्दा माथि उठ्न नसकेको उनको भनाइ थियो ।
मुलुकमा व्यवस्था बदलिए पनि अवस्था नबदलिएको भन्दै मुख्यमन्त्री शर्माले कर्णालीलाई आर्थिक समृद्धिको युगमा लैजान सबैले जिम्मेवारी र दायित्व पूरा गर्नुपर्नेमा जोड दिए । आर्थिक सम्पन्नता र सामाजिक न्यायले मात्र समाजलाई सुखी बनाउन सकिने उनको भनाइ थियो । उनले कर्णालीमा तत्काल काठको उद्योग खोल्नतर्फ अग्रसर रहेको बताए । भेरीगङ्गा नगरपालिका–१२ सुर्खेतको रामजानकी सामुदायिक वन क्षेत्रमा रहेको औद्योगिक करिडोरको स्थलगत अध्ययनमा मुख्यमन्त्री शर्मा, आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसी, उद्योग, पर्यटन, सामाजिक मन्त्री खड्गबहादुर पोखरेल, वन तथा वातावरणमन्त्री कृष्ण बिसी, प्रदेशसभा सदस्य तथा स्थानीय तहका प्रमुखलगायत सहभागी थिए ।
करिडोरको जग्गा खोजीका लागि अनुगमन तथा निरीक्षण भएको बताइएको छ । पर्यटकीय सम्भावना बोकेको उक्त करिडोर औद्योगिक हिसाबले अझ बढी महत्व भएको बताउँदै मुख्यमन्त्री शर्माले यसको विकास गर्न सकिए कर्णालीको अर्थतन्त्रमा सहयोग पुग्ने जनाए ।

**इन्स्टिच्यूट अफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि.**
**जनकपुरधाम-४, धनुषा** सम्पर्क नं.-०४१-४२२६७९

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

इन्स्टिच्यूट अफ हेल्थ रिसर्च डेभलपमेन्ट, प्रा.लि. जनकपुरधाम-४, धनुषामा शैक्षिक सत्र ०८०।०८१ को लागि स्वास्थ्य तर्फको सामान्य चिकित्सा समूहको हेल्थ असिस्टेन्ट ३ वर्षे कोर्षमा भर्ना खुलेकोले तपसिल बमोजिम प्रवेश परिक्षा आवेदन फारम भरि बुझाउनुहुन सम्बन्धित सबैको लागि जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।
**तपसिल :**
१. फारम भर्ने मिति : २०८०।०३।२९ गतेदेखि २०८०।०४।१२ गते दिउँसो ५ बजेसम्म
२. प्रवेश परीक्षा मिति : २०८०।०४।२४ गते विहान ८ बजे
३. पहिलो सम्पर्क स्थान :- इन्स्टिच्यूट अफ हेल्थ रिसर्च डेभलपमेन्ट, प्रा. लि. जनकपुरधाम-४, धनुषा, कर्मचारी संचयकोष कार्यालयदेखि (करिब ५० मिटर) दक्षिण
- दोस्रो सम्पर्क स्थान :- कटैया चौरीबाट क्याम्पस चौकतिर जाने सडकमा पर्ने ज्ञानदेव कोचिङ्ग सेन्टरको नजिक
सम्पर्क नं.- ०४१-४२२६७९/ ९८४६०७३३००/९८४४२२०९६८
**नोट**:– यस इन्स्टिच्यूटमा २०५२ सालदेखि अ.हे.व./अ.न.मी. कार्यक्रमहरु साथै २०७९ सालदेखि सामान्य चिकीत्सा H.A. ३ वर्षे कार्यक्रम संचालनमा रहेको समेत जानकारी गराइन्छ।

# एसिया कपमा भारत 'ए' सँग पराजित



**बिबिसी ।**
आफ्नो ब्याटिङ कमजोरीलाई भारत 'ए' विरुद्धको खेलमा समेत दोहो¥याएपछि सोमवारको खेलमा नेपाल भारतसँग ९ विकेटको फराकिलो अन्तरले पराजित भएको छ । तीन दिनअघि र सोमवारको खेलमा नेपालको ब्याटिङमा उल्लेख्य भिन्नता देखिएन । गत शुक्रवार पाकिस्तानसँग जसरी सोमवार पनि नेपाली ब्याटरहरूले भारतीय बलरहरूको जोडदार सामना गर्न सकेनन् । आजको खेलमा भारत 'ए' विरुद्ध नेपालले १६७ रन जोड्न सकेको थियो ।
पाकिस्तान 'ए' विरुद्धको खेलमा नेपालले १७९ रन बनाएको थियो ।
फलस्वरुप आईपीएल खेल्ने युवा खेलाडीहरूले भरिएको दोस्रो दर्जाको भारतीय टोली भारत 'ए' ले खेल २३ औँ ओभरमा ९ विकेटले सहजै जित हात पा¥यो ।
भारतको जोडदार बलिङ
भारतको तर्फबाट आईपीएलमा सनराइज हैदराबादबाट खेल्ने ओपनर अभिषेक शर्माले सर्वाधिक ८७ रन बनाए । उनी कप्तान रोहित पौडेलको बलमा १९औँ ओभरमा कुशल मल्लको क्याचको शिकार भएका थिए ।
त्यस्तै गुजरात टाइटन्सका खेलाडी साई सुदर्शनले अविजित ५८ रन जोडे भने ध्रुब जुरेलले अविजित २१ रन बनाए । नेपालतर्फ टस जितेर सुरुमा ब्याटिङ गरेको नेपालले १० ओभर भित्र ५ खेलाडी गुमाइसकेको थियो ।
खेलको दोस्रो बलमा विपक्षी तेज गतिका बलर हरसित रानाको बललाई नाप्न नसकेपछि ओपनर कुशल भुर्तेल रन जोड्न नसकिकनै एलबीडब्लुको शिकार भएका थिए । ७ रन बनाएर अर्का ओपनर आशिफ शेख समेत आउट भए।
त्यसपछि देव खनाल आउट भए। केहीबेर क्रिजमा सङ्घर्ष गरेका उनी १५ रन जोडेर आउट भएका थिए । तर उनले ३ चौका प्रहार गरेका थिए । कप्तान रोहित पौडेलले भने कुशलतापुर्वक इनिङ्स सम्हालेर खेले । पौडेलले ८५ बलमा ६५ रनको महत्वपूर्ण पारी खेले।
सो क्रममा उनले ७ चौका प्रहार गरेका थिए । लगातार विकेट झरिरहँदा पौडेल ३३.२ ओभरसम्म धैर्यपूर्ण रूपमा खेल्दै अर्ध शतक पूरा गरेका थिए । उनी आउट हुँदा नेपालको सातौँ विकेट गुमेको थियो । त्यसबिचमा भीम सार्की (४ रन), कुशल मल्ल (शून्य रन) र सोमपाल कामी १४ रन बनाएर आउट भएका थिए । कप्तान पौडेलले सार्कीसँग मिलेर छैटौँ विकेटका लागि ५४ रनको साझेदारी गरेका थिए । पवन सर्राफले ६ रन, किशोर महतोले २ तथा ललित नारायण राजवंशीले ३ रन बनाएर आउट भएपछि नेपाल ३९.२ बलमा अलआउट हुन पुगेको थियो ।
फेरि पनि अनुभव मात्रै
पाकिस्तान 'ए' सँग पराजित भएपछि कप्तान पौडेलले यो नेपालको लागि राम्रो अनुभव भएको बताएका थिए । नेपालले आज पनि टस जितेको थियो र पहिलो ब्याटिङ रोजेर त्यस्तै 'अनुभव' दोहो¥यायो । नेपालले दुई महिनापछि एसिया कपमा भारत र पाकिस्तानको सिनियर टोलीको सामना गर्दैछ । त्यसैले नेपाल क्रिकेट सङ्घले उक्त प्रतियोगिताको तयारी भन्दै सिनियर टिमलाई श्रीलङ्का पठाएको थियो । नेपालले अब बुधवार युएई ए सँग खेल्नेछ ।

# सुरुङ मार्गभित्र हराइरहेका मानिसको खोजी



**बिबिसी ।**
दक्षिण कोरियामा उद्धारकर्मीहरूले बाढीका कारण अवरुद्ध एक सुरुङमा हराइरहेका मानिसहरूको खोजी सोमवार समेत जारी राखेका छन् । उनीहरूले बाँध भत्किएर पानी प्रवेश गरेको ४८ घण्टासम्म पनि हिलाम्मे अवस्थामा रहेको अन्डरपासमा खोजी जारी राखेका हुन् ।
केही दिनअघि वर्षाका कारण पानीले भरिएको सुरुङमा अहिले पानीको सतह घटेर घुँडासम्म आइपुगेको छ ।
अत्यधिक वर्षाले गर्दा आएको बाढीका कारण नदीको बाँध भत्किएपछि निस्किएको पानी तीव्र गतिमा दक्षिण कोरियाको मुख्य अन्डरपासमा प्रवेश गरेपछि उक्त सुरुङ भरिएको थियो ।
सुरुङमा पानी प्रवेश गरेपछि त्यहाँ निजी सवारी साधन र बसमा यात्रा गरिरहेका यात्रुहरू फसेका थिए । हराइरहेका एक जना व्यक्ति पानीमा डुब्दै गरेको कारबाट बाहिर निस्कन प्रयास गरिरहेको सीसीटीभी दृश्यका आधारमा उद्धारकर्मीहरूले उनको खोजी केन्द्रित गरेका छन् ।
हालसम्म उद्धारकर्मीहरूले १३ जना मानिसको शव अन्डरपासबाट बाहिर निकालेका छन् । बाढी प्रभावित सुरुङमा धेरै शवहरू बसभित्रबाट फेला परिएका हुन्। त्यहाँबाट शनिवार थप नौ जनाको जीवितै उद्धार गरिएको थियो । मध्य दक्षिण कोरियाको चियोङ्जु सहरको यो सुरुङ ६८५ मिटर लामो छ । गत सातादेखि परिरहेको मुसलधारे वर्षाका कारण कम्तीमा ३९ जनाले ज्यान गुमाइसकेका छन् । अत्यधिक वर्षाका कारण बाढी, पहिरोको मारमा परेको दक्षिण कोरियामा विद्युत् कटौती भएको छ । अधिकारीहरूका अनुसार सोमवार बिहानसम्म बाढीमा परी कम्तीमा नौ जना बेपत्ता छन् ।
स्थानीय प्रशासनले समयमै प्रभावकारी कदम चालिदिएको भए क्षति रोक्न सकिन्थ्यो भन्ने बाढी पीडितका परिवारहरूको भनाइ छ । केही स्थानीय सञ्चारमाध्यमका अनुसार बाढी नियन्त्रण कार्यालयले केही घण्टा अगाडि पानीको सतह बढेको र स्थिति जोखिमपूर्ण भएको भन्दै चेतावनी जारी गरेको थियो। त्यसैले सुरुङ क्षेत्र आसपासका यातायातको दिशा मोड्नुपर्थ्यो । त्यहाँबाहेक अधिकांश मृत्यु उत्तरी ग्योङसाङको पहाडी क्षेत्रमा भएको जनाइएको छ, जहाँ पहिरोले घरहरू बगाएको छ ।
हजारौँ मानिस प्रभावित
दक्षिण कोरियामा शनिवार करिब तीन सय मिलिमिटर वर्षा भएको जनाइएको छ ।
कोरियाको मौसम सम्बन्धी निकायका अनुसार त्यहाँ सामान्यतया एक वर्षमा एक हजार मिलिमिटरदेखि एक हजार ८०० मिलिमिटरसम्म वर्षा हुन्छ ।
आकाशबाट कैद गरिएका बाढी प्रभावित क्षेत्रका तस्बिरहरूमा हिलो र बाढीको पानी उच्च तहमा पुगेको देख्न सकिन्छ जसमा घरको छानोका टुप्पोहरू मात्र बाहिर निस्किएका देखिन्छन् ।
विभिन्न स्थानीय सरकारहरूले जारी गरेको स्थानान्तरणको निर्देशनका कारण हजारौँ मानिस प्रभावित भएका छन् ।
प्रधानमन्त्री हान डक–सूले सेनालाई उद्धार कार्यमा सहयोग गर्न आग्रह गरेका छन् । स्थानीय समयअनुसार शनिवार बिहानै उत्तरी चुङच्योङमा रहेको गोसान बाँधमा पानी पस्न थालेपछि करिब छ हजार ४०० बासिन्दालाई सुरक्षित स्थानमा सारिएको जनाइएको छ । बाँध वरपरका केही गाउँ तथा ती गाउँहरूलाई जोड्ने सडकहरू डुबानमा परेका छन् । ती गाउँका मानिस घरभित्रै फसेका छन् । शुक्रवार राति उत्तरी चुङच्योङमा पहिरो जाँदा एउटा रेल दुर्घटना भएको थियो। रेलमा यात्रु थिएनन्, यद्यपि घटनामा एक इन्जिनियर घाइते भएका थिए । देशको राष्ट्रिय रेल सञ्चालन गर्ने कोरेलले त्यहाँका सबै सुस्त गतिका र केही द्रुत गतिका रेल सेवा स्थगित गर्ने घोषणा गरेको छ । द कोरिया मेटेरोलजिकल एड्मिनिस्ट्रेसनले आगामी साताको बुधवारसम्म वर्षा जारी रहने अनुमान गरेको छ । उक्त निकायले मौसमी अवस्थाले 'गम्भीर' खतरा निम्त्याएको चेतावनी दिएको छ ।
अत्यधिक वर्षाका कारण भारत, चीन र जापानलगायत विभिन्न देश पछिल्लो एक सातायता बाढी र पहिरोबाट आक्रान्त छन् ।
बाढी आउनुका अन्य धेरै कारणहरू भए पनि वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तनका कारण वायुमण्डल तात्नुले अत्यधिक वर्षाको सम्भावना बढाउँछ । वायुमण्डल जति तात्यो त्यति नै आर्द्रता बढ्छ र फलस्वरूप अधिक भारी वर्षा हुन्छ । कहिलेकाहीँ छोटो समयको अन्तरालमा र सीमित क्षेत्रमा यसको प्रभाव रहन्छ ।

# मैत्रीपूर्ण फुटबल सिरिजः नेपाली महिला फुटबल टिम विजयी



**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाली महिला फुटबल टोली बंगलादेशसँगको मैत्रीपूर्ण फुटबल सिरिज जितेर स्वदेश फर्किएको छ । १९ औं एसियाडको तयारी स्वरूप नेपालले महिला फुटबलमा दक्षिण एशियाको बलियो टोली बंगलादेशसँग दुई वटा मैत्रीपूर्ण खेल खेलेको थियो । उक्त भ्रमणमा नेपालले पहिलो खेलमा १–१ बराबरीको नतिजा सामना गर्दा दोस्रो खेल टाइब्रेकरमार्पmत ४–२ गोलअन्तरले जित्दै सिरिजको ट्रफी उचाल्यो । दोस्रो खेलमा वैकल्पिक गोलकिपरका रूपमा मैदान प्रवेश गरेकी अञ्जना रानामगरले दुई पेनाल्टी बचाएपछि नेपालले रोमाञ्चक जित निकालेको थियो ।
नेपाली टोलीलाई अखिल नेपाल फुटबल संघ एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईले स्वागत गरेका छन् ।
नेपाली महिला फुटबल टोलीका प्रशिक्षक अनन्तराज थापाले साफको च्याम्पियन टोलीबिरुद्ध आफ्नो टोलीले गरेको जुझारु प्रदर्शनले आगामी खेलमा नेपाली खेलाडीको आत्मबल बढाउने विश्वास व्यक्त गरे । तुलनात्मक रूपमा नेपाली टोलीमा धेरै पक्ष सुधार आएको प्रशिक्षक थापाले बताए । प्रशिक्षक थापाले टोलीमा अभैm पनि फिटनेसमा केही समस्या देखिएको बताए ।
नेपाली महिला फुटबल टोलीकी कप्तान एञ्जिला तुम्बाप्पो सुब्बालेले एसियन गेम्समा बंगलादेशभन्दा कठिन प्रतिद्वन्दीहरू सामना गर्नुपर्ने भएकाले टोलीमा धेरै सुधार गर्नुपर्ने आश्यकता औंल्याइन् । नेपाली टोलीकी भरपर्दी स्ट्राइकर सावित्रा भण्डारीले पछिल्ला साफमा भएका गल्तीहरू कम गर्दा बंगलादेशबिरुद्ध जित सम्भव भएको बताइन् ।

# युक्रेनको पूर्वमा भीषण लडाई खाद्यान्न सम्झौता सङ्कटमा



**एएफपी**
**इस्तानबुल ।**
युक्रेनलाई कालो सागरमार्फत आफ्नो अनाज निर्यात गर्न अनुमति दिने सम्झौता इस्तानबुलको स्थानीय समय अनुसार सोमबार राति ११ बजे समाप्त हुनेछ । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले कीभको प्रतिआक्रमण असफल भएको बताएपनि आइतबार युक्रेनको पूर्वी क्षेत्रमा भीषण भिडन्त भएको कीभले जनाएको छ ।
टर्की र संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूले जुलाई २०२२ मा इस्तानबुलमा पहिलो पटक हस्ताक्षर गरिएको सम्झौताको अर्को विस्तारमा सहमत हुन रूसलाई सहमत गराउने प्रयास गरिरहेका छन् ।
गत वर्ष सम्पन्न ब्ल्याक सी ग्रेन इनिसियटिभका कारण युक्रेनले चार करोड २० लाख टनभन्दा बढी युक्रेनी खाद्यान्नको निर्यात गर्न सफल भएको थियो । तर रूसले अहिलेसम्म सम्झौता नवीकरण गर्न नमानेका कारण उक्त यातायात ठप्प भएको हो । 'सबै पक्षबाट आवेदन स्वीकृत भएको छैन,' सम्झौताको अनुगमन गर्ने संयुक्त समन्वय केन्द्र (जेसीसी) ले जारी गरेको विज्ञप्तिमा भनिएको छ । 'जुन २७ यता कुनै पनि नयाँ पानीजहाजलाई सहभागी हुन स्वीकृति दिइएको छैन ।' सम्झौतामा हस्ताक्षर गर्ने युक्रेन, रूस, टर्की र संयुक्त राष्ट्रसङ्घले अनुमति दिएको अन्तिम मालवाहक जहाज टर्कीको थोक क्यारियर टीक्यू सामसुन युक्रेनी बन्दरगाह ओडेसाबाट इस्तानबुलतर्फ कालो सागर पार गर्दै गएको मरिन ट्राफिक वेबसाइटले आइतबार अबेर राति जनाएको छ ।
शुक्रबार टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोआनले सम्झौता पुनः नवीकरण हुनेमा आशावादी रहेको बताएका थिए ।
तर आफू र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले यस विषयमा आँखा चिम्लेको भन्ने उनको दाबीको क्रेमलिनका प्रवक्ताले तुरुन्तै खण्डन गर्दै उनीहरूले त्यस्तो कुनै घोषणा नगरेको बताए । रूसी खाद्यान्न र मलको निर्यातका लागि अनुमति दिने सम्झौताका तत्वहरूको सम्मान नगरिएको भन्दै पुटिनले सम्झौताबाट बाहिरिने चेतावनी दिँदै आएका छन् ।
दक्षिण अफ्रिकी समकक्षी सिरिल रामाफोसासँगको टेलिफोन वार्तामा उनले भने 'सम्झौताको मुख्य लक्ष्य रहेको अफ्रिकी महाद्वीपलगायत खाँचोमा परेका देशहरूलाई खाद्यान्न आपूर्ति कार्यान्वयन हुन सकेको छैन ।'
जेसीसीको तथ्याङ्कअनुसार चीन र टर्की साथै विकसित अर्थ व्यवस्थाहरू अनाज ढुवानीको मुख्य लाभार्थी हुन् । यस सम्झौताले विश्व खाद्य कार्यक्रमलाई अफगानिस्तान, सुडान र यमन जस्ता गम्भीर खाद्य अभावको सामना गरिरहेका देशहरूलाई राहत प्रदान गर्न मद्दत गरेको संयुक्त राष्ट्रसङ्घको बुझाइ छ ।

# उत्तर कोरिया नयाँ आणविक परीक्षण गरेमा कुनै आश्चर्य हुनेछैनः अमेरिका

**एएफपी**
**वासिङ्टन ।**
ह्वाइट हाउसका वरिष्ठ अधिकारीले उत्तर कोरियाले गत साता अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेपछि अर्को आणविक परीक्षण गरेमा अमेरिका आश्चर्यचकित नहुने बताएका छन् ।
'मलाई लाग्छ उत्तर कोरियाले आफ्नो सातौं आणविक परीक्षण गर्नेछ र म यसको बारेमा चिन्तित छु,' राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले सीबीएसलाई 'फेस द नेशन' नामक कार्यक्रमलाई दिएको एक अन्तवार्तामा भने ।
उनले भने 'म तत्काल त्यस्तो कुनै सङ्केत देख्दिनँ ।
तर उत्तर कोरियाले आफ्नो अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र क्षमताको सन्दर्भमा अर्को आणविक परीक्षण अघि बढायो भने यो कुनै आश्चर्यको विषय हुनेछैन ।'
सुलिभानले प्योङयाङले केही वर्षअघि नै आफ्नो आणविक क्षमताको परीक्षण शुरु गरेको र उनीहरूले यस क्रमलाई जारी राखेको बताए । उत्तर कोरियाका नेता किम जोङ उनले प्रत्यक्ष निरीक्षण गरेको आफ्नो देशको सबैभन्दा नयाँ आईसीबीएमको सफल परीक्षण गरेको उत्तर कोरियाले बिहीबार जनाएको छ ।
यसअघि एक पटक मात्र परीक्षण गरिएको ह्वासोङ–१८ क्षेप्यास्त्र ले छ हजार ६४८ किलोमिटरको उचाईमा एक हजार १ किलोमिटर उडेर पूर्वी सागरमा खसेको कोरियाली केन्द्रीय समाचार संस्था (केसीएनए) ले जनाएको छ ।
उत्तर र दक्षिण कोरियाबीचको सम्बन्ध कमजोर अवस्थामा छ ।
गत वर्ष किमले आफ्नो देशलाई 'अपरिवर्तनीय' आणविक शक्ति भएको घोषणा गर्नुभएको थियो र सामरिक आणविक हतियारसहित हतियार उत्पादन बढाउन आह्वान गरेका थिए । संयुक्त राष्ट्रसङ्घ, संयुक्त राज्य अमेरिका र फ्रान्सलगायत उसका मित्र राष्ट्रहरूले बुधबारको प्रक्षेपणको कडा निन्दा गरेका छन् ।
सुलिभानले प्योङयाङसँग वार्ताका लागि वासिङ्टनको प्रस्ताव दोहोर्याउँदै राष्ट्रपति जो बाइडेनको प्रशासन आफ्नो आणविक कार्यक्रमबारे कुनै पूर्वशर्तबिना बसेर वार्ता गर्न तयार रहेको बताए ।

# नेपाल तीन बक्सरले स्कटल्याण्डमा प्रो इभेन्ट खेल्ने



**मधेशदृष्टि**
**काठमाडौं ।**
तीन नेपाली बक्सरले स्कटल्याण्डमा यही जुलाई अन्तिममा प्रो बक्सिङ खेल्ने भएका छन् । जुलाई २९ मा हुने 'रम्बल इन दी जंगल' नाम दिइएको उक्त इभेन्टमा नेपालका म्याक्स बस्नेत, पुरन राई र आकाश डाँगीले प्रतिस्पर्धा गर्नेछन् ।
गतवर्ष स्पेनमा गएर खेलेका म्याक्सले यस पटक बबी कार्टरसँग प्रतिस्पर्धा गर्नेछन् ।
यस्तै आकाश डाँगीले युनिभर्स बक्सिङ युनियन बेल्ट म्याच अन्तर्गत ५८ केजी सुपर फेदर वेइटमा स्कटल्याण्ड च्याम्पियन एन्डी बेलसँग १० राउण्डको मुख्य इभेन्टमा प्रतिस्पर्धा गर्नेछन् ।
यसैगरी नेपालका अनुभवी बक्सर पुरन राईले ५७ केजी तौलमा विलियम कार्टरसँग प्रतिस्पर्धा गर्दैछन् । विजेताले नगद पुरस्कारका साथै बेल्ट प्राप्त गर्नेछन् ।
म्याक्स बक्सिङ प्रवर्द्धनका प्रबन्ध निर्देशक मुक्ति थापा तथा एनपीबीसी अध्यक्ष राजनविक्रम प्रजापतिले सोमबार तीन खेलाडीलाई सफलताको शुभकामना साथै बिदाइ गरेका छन् ।

# खडेरीका कारण २७ लाख मानिस विस्थापितः डब्लुएफपी


**सिन्ह्वा**
**अदिस अबाबा ।**
संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले अफ्रिकाको सोमाली क्षेत्रमा खडेरीका कारण करिब २७ लाख मानिस विस्थापित भएको जनाएको छ । क्षेत्रीय स्थिति अद्यावधिक प्रतिवेदनमा डब्लुएफपीले सोमालियामा १७ लाख, इथियोपियामा पाँच लाख १६ हजार र केन्यामा चार लाख ६६ हजार मानिस खडेरीका कारण विस्थापित भएको जनाएको छ ।
डब्लुएफपीको प्रतिवेदनले तीन देशका खडेरी प्रभावित क्षेत्रमा लाखौं शरणार्थीको आगमनले यस क्षेत्रमा खाद्य असुरक्षा बढाएको उल्लेख गरेको छ । 'सन् २०२० को अन्त्यदेखि लगातार सामान्यभन्दा कम वर्षा भएपछि 'हर्न अफ अफ्रिका' भनेर चिनिने सोमाली प्रायद्वीपमा व्यापक मौसमी खडेरी परेको छ, जसले कृषि, पशुधन, वनस्पति, जलस्रोत, जीविकोपार्जन र चरन स्रोतलाई प्रभावित पारेको छ,' डब्लुएफपीको प्रतिवेदनमा भनिएको छ ।
संयुक्त राष्ट्रसङ्घीय निकायले उक्त क्षेत्रमा लामो समयदेखिको खडेरीका कारण दुई करोड ३४ लाख मानिस खाद्य असुरक्षामा परेको र ५१ लाख बालबालिका कुपोषित भएको अनुमान गरेको छ । यस वर्षको सुरुमा डब्लुएफपीले मार्चदेखि मे २०२३ को बीचमा अर्को खराब वर्षायामको घटनाले उक्त प्रायद्वीपका समुदायहरूमा विनाशकारी परिणामहरू ल्याउने चेतावनी दिएको थियो ।

# विदेशमन्त्रीस्तरीय बिमस्टेक बैठक सुरु

**एएनआई**
**थाईल्याण्ड ।**
बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) विदेशमन्त्रीहरूको बैठक थाइल्याण्डको राजधानी बैङ्ककमा सोमबारदेखि शुरु भएको छ । बिम्स्टेक एक आर्थिक र प्राविधिक पहल हो जसले बहुआयामिक सहयोगका लागि बङ्गालको खाडीका देशहरूलाई एक साथ ल्याउँछ ।
बैठकमा बिम्स्टेकको एजेन्डालाई अझ प्रगाढ बनाउने र संगठनलाई मजबुत बनाउने विषयमा छलफल हुनेछ ।
बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) क्षेत्रीय बहुपक्षीय सङ्गठन हो । यसका सदस्यहरू बङ्गालको खाडीको तटीय र आसपासका क्षेत्रहरूमा अवस्थित छन् जसले एक सन्निकट क्षेत्रीय एकताको आह्वान गर्दछ ।
बिम्स्टेकले दक्षिण र दक्षिणपूर्व एसियासहित ग्रेट हिमालय र बङ्गालको खाडीको पारिस्थितिकीय प्रणालीलाई पनि जोड्छ । यसको मुख्य उद्देश्य तीव्र आर्थिक विकासको लागि सक्षम वातावरण सिर्जना गर्नु हो । सामाजिक प्रगतिलाई गति दिनु र यस क्षेत्रमा साझा चासोका विषयहरूमा सहयोगलाई बढावा दिनु यसको लक्ष्य हो ।
विदेशमन्त्रीहरूले बिम्स्टेकअन्तर्गत क्षेत्रीय सहयोगका क्षेत्रमा हालै भएका महत्वपूर्ण प्रगति र यसको संस्थागत ढाँचालाई मजबुत बनाउन चालिएका कदमको समीक्षा गर्नेछन् । बिम्स्टेक सहयोगका एजेन्डा र आगामी घटनाक्रमलाई अझ प्रगाढ बनाउने विषयमा पनि छलफल भएको छ, भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले ट्वीटरमा लेखेका छन् ।

# जनकपुरधाममा छाडा पशु चौपाया नियन्त्रणमा लिइदै

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
छाडा पशु चौपाया सडकको बिचमै बसेपछि दुर्घटनामा बढोत्तरी भएपछि जनकपुरधाम उपमहानगरपालिकाले छाडा चौपायालाई नियन्त्रणमा लिने अभियान सुरु गरेको छ ।
उपमहानगरपालिकाले उपमहानगर भित्रको छाडा चौपाया (पशु) व्यवस्थापन गर्न गौशाला सञ्चालनमा ल्याउदै सोमबार देखि नियन्त्रण गर्ने अभियानलाई तिव्रता दिएको छ ।
जनकपुरधाम उमहानगर पालिकाको वडा नं. १२ मा उपमहानगरपालिकाले नवनिर्माण गरेको गौशालाको सोमवार उपमहानगरपालिकाका मेयर




मनोज कुमार साह र उपमेयर किशोरी साहले संयुक्त रुपमा समुदघाटन गरेका छन् । मेयर मनोज साह र उपमेयर किशोरी साहले वडाको सो जग्गाको संरक्षण गरि ट्राफिक व्यवस्थापनलाई मुख्य चुनौतीका रुपमा लिएर गौशाला निर्माणमा प्रेरित गर्ने वडाका अगुवाहरु, गौशाला निर्माण समिति र वडा अध्यक्षलाई धन्यवाद दिदै छाडा चौपाया व्यवस्थापनमा सम्पुर्ण वडा अध्यक्ष र नगरवासीको सहयोग आवश्यक रहेको बताए । गौशाला व्यवस्थापन पछि सडक दुर्घटना र ट्राफिक व्यवस्थापन जोखिम न्युनिकरण हुने मेयर साहको बिश्वास छ । गौशालाको समुदघाटनकै दिन करिव दुई दर्जन गाई, साढे र बाछाबाछीहरु समेत नियन्त्रणमा लिइएको छ । नेपाल प्रहरी र ट्राफिक प्रहरी समेतको संलग्नतामा छाडा पशुहरुलाई नियन्त्रणमा लिइएको हो । नियन्त्रणमा लिइएको सो पशुहरुलाई राखिने र लिन आउने पशुधनीलाई जरिवाना गरि मात्र छाडिने उपमहानगरपालिकाले जनाएको छ ।

# मिटरब्याजसम्बन्धी कानुन पारित भएकामा खुसियाली




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधिसभाबाट मिटरब्याज सम्बन्धी कानुन पारित भए जनकपुरधाममा खुसीयाली मनाइएको छ ।
सोमबार मिटरब्याज पीडित संघर्ष समितको आयोजनामा धनुषा, महोत्तरी र सिरहाका पीडितहरूले जनकपुरधाममा संयुक्तरुपमा ¥याली निकालेका छन् ।
सरकारले बनाएको कानुन कार्यान्वयन गर्न उनीहरुले माग समेत गरेका छन् ।
जनकपुरधामको बाह्रविघा मैदानबाट सयौं पीडितको संख्यामा निस्कको ¥याली रामानन्दचौक, पीडारीचौक, थापाचौक, मधेश भवन एरिया, मिल्स एरिया, भानुचोक, शिवचौक हुँदै जनकचोकमा कोणसभामा परिणत भएको थियो ।
संघर्ष समितिका मधेश प्रदेश संयोजक मनोज पासवानले सदनबाट मिटरब्याजविरुद्ध सम्बन्धी विधेयक पास हुनु मिटरब्याज पीडितको ठूलो सफलता भएको बताए ।
मिटरब्याज पीडितको माग सम्बोधन गर्न सरकारले गरेको प्रयास सराहनीय रहेको उनको भनाइ छ ।
अझै पनि धेरै मिटरब्याज पीडित न्यायको पर्खाइमा रहेका र मिटरब्याजीहरुले अन्याय गरिरहेकाले उनीहरुलाई कारबाही दायरामा ल्याउन माग गरे । आइतबार बसेको प्रतिनिधिसभाको बैठकले मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन विधेयक–२०८० संशोधनसहित पास गरेको हो । जसमा मिटरब्याजलाई अनुचित लेनदेन मान्दै कारबाही गर्ने व्यवस्था गरिएको छ ।

# प्रकृति तथा नदी अधिकार संरक्षण अभियान गठन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
'प्रकृति तथा नदी अधिकार संरक्षण अभियान' मधेश प्रदेशस्तरीय इन्जिनियर सम्मेलन ढल्केवरमा सम्पन्न भएको छ । विक्रम यादवको संयोजकत्वमा १३ सदस्यीय समिति गठन गरिएको छ । समितिको सहसंयोजकमा जमुना पराजुली, सचिवमा निरोज अधिकारीलाई जिम्मेवारी दिइएको छ । सदस्यहरुमा सोनीकुमारी बौम्जन, रीता साह, ई. मनोजकुमार साह, राम एकबल प्रसाद यादव, श्री प्रसाद यादव, लक्ष्मी महतो, राजकिशोर सलहैता र भैरवलाल यादव रहेका छन् ।

# कपिलेश्वरनाथमा श्रावण पूजनोत्सव मेला सुरु




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको प्राचीनतम कपिलेश्वरनाथ महादेव मन्दिरमा सोमबारदेखि छ हप्ता लामो 'श्रावण पूजनोत्सव मेला' सुरु भएको छ ।
जनकपुरधाम उपमहानगरपालिका वडा नं १६ मा अवस्थित रहेको कपिलेश्वरनाथ मन्दिरमा लामो समयदेखि मेलाकै रूपमा श्रावण पूजनोत्सव मेला मनाउने प्रचलनअनुसार सोमबारदेखि यस वर्षको मेला कार्यक्रम सुरु भएको कपिलेश्वरनाथ युवा कमिटीका अध्यक्ष मनोजकुमार साहले जानकारी दिएका छन् ।सोमबारदेखि सुरु भएको मेला लगातार छ सोमबारसम्म चल्ने र त्यसका लागि विगत वर्षहरूमा भन्दा मेला भर्न आउने श्रद्धालुहरूको सहजताका लागि पूजाअर्चनाको व्यवस्थापन गरिनुका साथै हरेक दिन साँझ ७ बजे सन्ध्या आरतीको व्यवस्था गरिएको अध्यक्ष साहले जानकारि दिए ।
जनकपुरधाम–१६ का वडाध्यक्ष रामचन्द्र पजियारले धार्मिक सहरका रूपमा रहेको जनकपुरधाममा मन्दिर नै मन्दिर भए पनि जनकवंशीय राजा शिरध्वज जनकको पालादेखि नै स्थापित कपिलेश्वरनाथको विशेष महत्व रहेको बताए ।
उनले मिथिलाको राजधानी जनकपुरधामको रक्षा र कल्याणका लागि जनकपुरधामको चारैतर्फ चारनाथको स्थापना गरिएको धार्मिक मान्यतानुसार पूर्वउत्तर दिशामा कपिलेश्वरनाथ महादेवको स्थापना गरेको किंवदन्ती रहेकाले भक्तजनले विशेष महत्व दिने गरेको बताए ।
पत्रकार श्रीनारायण साहले पनि मिथिलामा रहेका पौराणिक मठ मन्दिरमध्ये कपिलेश्वरनाथ एक प्राचीन तथा पुरातात्विक महत्वको मन्दिर भएका कारण यहाँ श्रद्धालुहरूको विशेष आकर्षण रहेको बताए । मन्दिरको गर्भगृहमा देवाधिदेव महादेवको शिवलिङ्ग, बसाहा, गणेश, पार्वती, नन्दी, शालिग्रामको प्रतिमा राखिएको छ । ती सबै प्रतिमा अलौकिक एवं दुर्लभ काला पत्थरको रहेको बताइएको छ । मन्दिरमा ईस्वी संवत् १३२० मा राखिएको घण्टी पनि रहेको बताईन्छ ।

# 'व्यावसायिक दक्षतामा ध्यान दिन आग्रह'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उच्च अदालत जनकपुरका कायममुकायम मुख्य न्यायाधीश भोजराज अधिकारीले व्यावसायिक दक्षता र कानुनी अभ्यासको कलामा ध्यान दिन नवोदित कानुन व्यवसायीहरूलाई आग्रह गरेका छन् ।
नेपाल कानुन व्यवसायी परिषद् मधेस प्रदेशद्वारा आयोजित नवोदित कानुन व्यवसायीहरूका लागि तीनदिने क्षमता अभिवृद्धि तथा व्यवसायमूलक तालिमको जनकपुरधाममा समापन गर्दै उनले आफ्नो पक्षलाई न्याय दिने गरी चुस्तदुरुस्त बहस, प्रभावकारी लिखतले मात्रै व्यावसायिक क्षमता अभिवृद्धि हुने भएकाले दत्तचित्त भएर सेवामा लाग्न जरुरी रहेको बताए । कार्यक्रममा वरिष्ठ अधिवक्ता चन्द्रकुमार शर्माले सैद्धान्तिक अध्ययन र तालिममा सिकाइएका कुराहरू व्यवहारमा लागू गर्ने बेला आएको भन्दै प्रशिक्षार्थीलाई सिकाइ र अभ्यासलाई निरन्तरता दिन अनुरोध गरे । नेपाल कानुन व्यवसायी परिषद् मधेश प्रदेशले आयोजना गरेको कार्यक्रममा मधेस प्रदेशका आठ जिल्लाबाट ४१ जना नवोदित कानुन व्यवसायीहरूको सहभागिता रहेको वरिष्ठ अधिवक्ता श्यामकुमार मिश्रले जानकारी दिए ।

# नेपाल समाजवादी पार्टीद्वारा वृक्षारोपण




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल समाजवादी पार्टीले राम बहादुर सिंह धर्मशाला परिसरमा विभिन्न जातको एक दर्जन वृक्षारोपण गरेको छ ।
नेपाल समाजवादीका मधेश प्रदेश इन्चार्ज देवेन्द्र यादवको अगुवाईमा भएको वृक्षारोपण कार्यक्रममा केन्द्रीय सदस्य शवनम खातुन, मधेश प्रदेशका वरिष्ठ उपाध्यक्ष वीरेन्द्र यादव, मधेश प्रदेश सचिव फूलगेन साह सदस्य कुमोद प्रसाद साह लगायतको उपस्थिती रहेको थियो ।

# शहीदनगर नगरपालिकाको बजेट ५८ करोड ३८ लाख



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
'सिचाइमे लगानी किसानमे खुशियाली' नारालाई सार्थक बनाउँने लक्ष्यका साथ शहीदनगर नगरपालिकाले आव २०८०÷०८१ का लागि ५८ करोड ३८ लाख ९ हजार रुपैयाँको अनुमानित बजेट ल्याएको छ ।
नगरपालिका प्रमुख दिनेश प्रसाद यादवले ९ औं नगरसभामार्फत आर्थिक वर्ष २०८०÷०८१ का लागि उक्त अनुमानित आयव्यय विवरण प्रस्तुत गरेका छन् ।चालु आर्थिक वर्षमा राजस्व बाँडफाँड ९ करोड, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान १२ करोड ९४ लाख प्राप्त हुने निति तथा कार्यक्रममा उल्लेख गरिएको छ । त्यस्तै संघीय सरकारबाट हस्तान्तरित विभिन्न कार्यक्रम लागि सशर्त अनुदानबाट २५ करोड ३ लाख, संघीय सरकारबाट विशेष अनुदानबाट १ करोड ५० लाख, संघीय सरकारबाट सम्पुरक अनुदान ८० लाख प्राप्त हुने अनुमान गरिएको छ ।
प्रदेश सरकारबाट वित्तीय सामानीकरण अनुदान ९६ लाख ९ हजार, प्रदेश सरकारबाट विशेष अनुदान ३० लाख, प्रदेश समपुरक अनुदानबाट २० लाख,प्रदेश सरकारको राजस्व बाँडफाँडबाट ४० लाख,नगरपालिकाको आन्तरिक आम्दानीबाट १ करोड र आन्तरिक स्रोतको राजस्वबाट २५ लाख प्राप्त हुने अनुमान गरिएको छ ।प्राथमिक स्वास्थ्य केन्द्र यदुकूहालाई सौन्दर्यकरण गर्न आवश्यक बजेट छुट्याउने आगामी नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । ज्येष्ठ नागरिकसँग नगर प्रमुख कार्यक्रमलाई व्यवस्थित बनाउँदै आवश्यक कार्यक्रम संचालन गरिने छ ।

# राजर्षि जनक विश्वविद्यालयको उपकुलपति नियुक्त



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राजर्षि जनक विश्वविद्यालयमा प्रा.डा. अमरप्रसाद यादवलाई उपकुलपतिमा नियुक्त गरेका छन् ।
कुलपतिसमेत रहेका प्रधानमन्त्री प्रचण्डले प्रा.डा. यादवलाई गत बुधबार नियुक्ति दिइएको पत्र आइतबार प्राप्त भएको शिक्षा मन्त्रालयले जनाएको छ ।
डेढ वर्षदेखि रिक्त रहेको उपकुलपति पदमा प्रा.डा. यादवले नियुक्ति पाएका हुन् । सिफारिस समिति गठन भएपनि नाम सिफारिस हुन नसक्दा नियुक्ति प्रक्रिया नै रोकिएको थियो ।
सहकुलपति तथा शिक्षामन्त्री अशोककुमार राई संयोजकत्वको सिफारिस समितिले प्रा.डा. यादवसहित प्रा.डा. महानन्द चालिसे र क्षितिज उपाध्यय ढुंगेलको नाम सिफारिस गरेको थियो ।
वि.सं. २०७४ सालमा स्थापना भएको राजर्षि जनक विश्वविद्यालयको केन्द्रीय कार्यालय मधेश प्रदेशको राजधानी जनकपुरधाममा छ ।

# विपन्नलाई रामजानकी समाजको सहयोग



**मधेशदृष्टि**
**जनकपुर ।**
धनुषाका अति विपन्न दुई परिवारलाई रामजानकी समाज सेवा समितिले आर्थिक सहयोग गरेको छ । हंसपुर नगरपालिका–४, नरहियाकी रेखा पासमान र सबैला नगरपालिका–९, कुशमाहाकी रेणु यादवलाई समाजले १५ हजार ५५ रुपैयाँका दरले आर्थिक सहयोग गरेको हो । कुशमाहाका बद्री यादवले अर्काको ट्र्याक्टर चलाएर तीन नाबालकसमेत पाँचजनाको परिवार पालिरहेका थिए । केही वर्षअघि ढाडनजिक मेरुदण्डको हाड दुख्ने समस्या आयो ।
उपचारक्रममा सहजै निको नहुने बिरामी भएको चिकित्सकले जनाएपछि गाउँ समाजले सकेजति चन्दा संकलन गरेर बद्रीको उपचार गरायो । रामजानकी समाजले पनि ४१ हजार रुपैयाँ उनको उपचारमा सहयोग गरेको थियो ।
उपचारक्रममा बद्रीको मृत्यु भएपछि तीन छोराछोरीलाई पाल्न निरक्षर पत्नीलाई निकै कठिनाइ भइरहेको अवस्थामा तत्काल थप १५ हजार ५५ रुपैयाँ सहयोग गरेर बाख्रा पालन गर्न सुझाएको रामजानकी समाज सेवा समितिका अन्तर्राष्ट्रिय अध्यक्ष विजय कुमार यादवले जानकारी दिए ।
यस्तै, दुई छोरीको विवाहमा लिएको ऋण तिर्न गाउँमा भएको एकधुर जग्गा पनि बेच्न बाध्य भएको बद्री पासमानको परिवारलाई पनि समाजले आर्थिक सहयोग गरेको छ । नरहिया बस्ती छेउमा स्थानीयको पाँचधुर जग्गा भाडामा लिएर बालबच्चा हुर्काउन बद्रीले झुपडी ठड्याएका छन् ।
बद्रीकी पत्नी रेखा पासमानले दैनिक पाँचसात किलो तरकारी किनेर गाउँकै बजारमा बेचेर परिवारको गुजारा चलाइरहेकी छिन् । रामजानकी समाज सेवा समितिको आर्थिक सहयोग प्राप्त भएपछि खुशी देखिएकी रेखाले अब बढीमात्रामा तरकारी खरिद गरेर जनकपुरको बजारमा बेच्न सक्षम भएको बताइन् ।
नेपालका विभिन्न जिल्लाबाट वैदेशिक रोजगारमा लागेका युवाले नेपाल, दुबइ, कतार, मलेसिया, साउदी, कुवेत, बहराइनलगायत मुलुकमा रामजानकी समाज सेवा समितिका नामबाट संगठन खडा गरी गाउँका अति विपन्न परिवारलाई सहयोग गर्न मासिक आर्थिक संकलन गर्छन् ।
घरपरिवार त्यागेर वर्षौंसम्म अर्काको भूमिमा काम गर्न बाध्य उनीहरुले गाउँका अतिविपन्न परिवारलाई सामान्य सहयोग गर्न पाउँदा आत्मसन्तुष्टि हुने गरेको दुबइ टिम अध्यक्ष श्याम यादवले जनाए । अभियानलाई संस्थागत रुपमा अगाडि बढाउन नेपालमा समिति दर्ता पनि गरिसकेको नेपाल टिम अध्यक्ष विजय कुशवाहा (मनोज) ले बताए । उनले यस्ता परिवारको आर्थिक अवस्थामा सुधार ल्याउने गरी पालिकास्तरबाट समेत पहल हुन आवश्यक रहेको औँल्याए ।

# नक्कली पेस्तोलले त्रास फैलाउने पक्राउ

**प्रिया कर्ण**
**जनकपुरधाम ।**
नक्कली पेस्तोल देखाई स्थानीय मानिसहरूलाई डर त्रास फैलाउने २ जना मानिसलाई प्रहरीले पक्राउ गरेको छ ।
सोमबार दिउँसो जनकपुरधामको महाविर चोकमा मोटरसाईकलमा सवार २ जना व्यक्तिले स्थानीयलाई पेस्तोल देखाई डर त्रास फैलाई रहेको सूचना प्राप्त



हुनासाथ जिल्ला प्रहरी कार्यालयबाट खटेको टोलीले पेस्तोल सहित २ जनालाई नियनत्रणमा लिएको प्रहरी प्रहरी प्रवक्ता नायव उपरिक्षक वेद प्रसाद पोखरेलले जानकारी दिएका छन् ।
नियन्त्रणमा लिएको माथि अनुसन्धान गर्दै जाँदा उनीहरूको हातमा रहेको पेस्तोल नक्कली रहेको र उनीहरूले यो भन्दा पहिला पनि स्थानीयलाई डर त्रास देखाउने गरेको प्रवता पोखरेलले जानकारी दिएका छन् । घटनाको सम्बन्धमा थप अनुसन्धान भई रहेको छ ।

# एमाले नेतृ झाविरुद्ध साइबर ब्युरोमा उजुरी



**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमाले नेतृ रेखा झालाई कारबाही माग गर्दै प्रहरीको साइबर ब्युरोमा उजुरी परेको छ । पूर्वसांसदसमेत रहेकी झाले फेसबुकमा राष्ट्रविरोधी पोष्ट गरेको भन्दै कारबाही माग गर्दै राष्ट्रिय एकता अभियानका संयोजक विनय यादवले सोमबार उजुरी दिएका हुन् ।

झाले नेपालको भूमि ब्रिटिस साम्राज्यको अंग देखाउने गरी सामाजिक सञ्जालमा पोष्ट गरेको भन्दै उनीविरुद्ध उजुरी परेको हो । यसअघि अभियानले पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको जन्मस्थान नेपालको नक्साबाट गायव गर्ने एमाले नेतृ झालाई कारबाही गर्न माग गर्दै विज्ञप्ति जारी गरेको थियो ।

अभियानले पूर्वसांसद तथा नेकपा एमालेकी नेतृ झाद्वारा नेपाललाई ब्रिटिस साम्राज्यको अंग देखाउने राष्ट्रघाती कार्य गरेको भन्दै घोर भ्रत्सना गरेको छ । अभियानले झाले आफ्नो आधिकारिक फेसबुक खाताबाट नेपाललाई ब्रिटिश साम्राज्यको हिस्साको रूपमा झूटो चित्रण गर्न साझा गरेको नक्सालाई तुरुन्तै हटाई माफी माग्न पनि अनुरोध गरेको थियो ।

अभियानले जारी गरेको विज्ञप्तिमा भनिएको थियो, 'नेपाल कुनै पनि साम्राज्यको दासत्व कहिल्यै स्वीकार नगरेको एक मात्र अविच्छिन स्वतन्त्र प्राचीन देश भएकाले आफ्नै समृद्ध र गौरवशाली इतिहास छ । हाम्रा हिन्दू पुर्खाहरूले नेपालको स्वतन्त्रता र सार्वभौमसत्ताको रक्षा गर्न वीरतापूर्वक पुस्तौंदेखि रगत बगाउदै आएका छन् । नेपालको स्वाधीनतामा आँच पु¥याउने गलत सूचना प्रचार गर्नु हाम्रा पूर्वजहरुको बलिदानको अपमान हो ।'

सन् १७९२ मा लर्ड कर्नवालिसका पालामा नेपाल ब्रिटिस साम्राज्यको एक हिस्सा रहेको देखाउने एमाले पूर्वसांसद झाद्वारा साझा गरिएको नक्सा ऐतिहासिक तथ्यको नियोजित तोडमरोड भएको बताइएको छ ।

# बल्झिँदै 'गौर हत्याकाण्ड', तानिँदै उपेन्द्र यादव

**२०६३ चैत ७ गते गौरस्थित राइसमिल चौरमा तत्कालीन नेकपा माओवादी र तत्कालीन मधेशी जनअधिकार फोरमका नेता कार्यकर्ताबीच झडप भएको थियो । झडपमा २७ सर्वसाधारणको घटनास्थलमै र एक जनाको उपचारक्रममा मृत्यु भएको थियो ।**

**सञ्जय मिश्रा**
**रौतहट ।**
छिमेकी जिल्ला बाराबाट सांसद बनेका जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवविरुद्ध रौतहटमा जनमत तयार भइरहेको छ । १७ वर्षअघिको घटनालाई लिएर बनेको संघर्ष समितिले सोमबार सदरमुकाम गौरमा उपेन्द्र यादवविरुद्ध नाराबाजी नै गरेको छ । १७ वर्षपछि घटनाका दोषीलाई कारबाही माग गर्दै रौतहट आन्दोलित भएपछि जसपा अध्यक्ष यादव पनि घटनासँग जोडिएका छन् । गौरकाण्ड पुनः बल्झिने संकेत गरिरहेको छ । १७ वर्षअघि भएको गौर हत्याकाण्डमा संलग्नलाई कारबाही माग गर्दै पीडितले सदरमुकाम गौरमा विशाल प्रदर्शनपछि आन्दोलन घोषणा गरे ।



हत्याकाण्डका दोषीलाई कानुनी कठघरामा ल्याउन निरन्तर सरकारलाई ध्यानार्षण गराउँदासमेत कुनै सुनुवाई नभएको भन्दै संघर्ष समितिले प्रदर्शनपछि आन्दोलनका थप कार्यक्रम सार्वजनिक गरेको हो ।

गाउँगाउँबाट ठूलो संख्यामा आएका प्रदर्शनकारीले 'हत्याकाण्डका नाइकेलाई गिरफ्तार गर, पीडितलाई न्याय देऊ, हत्यारालाई कारबाही गर, मानवअधिकारको रक्षा गर, कानुनी शासन लागु गर' जस्ता नारा लगाए । गौरस्थित बिपी चोकबाट सुरु भएको ¥याली गौर बजार परिक्रमापछि सिडिओ धर्मेन्द्र कुमार मिश्रलाई ज्ञापन पत्र बुझाउन पुगेको थियो । 'हत्याकाण्डका पीडितले जाहेरी दर्ता गराएको डेढ दशकभन्दा बढी हुनलाग्दासमेत प्रहरी प्रशासनले राजनीतिक शक्तिका आडमा मुद्दा ओझेलमा पारेपछि आन्दोलनका कार्यक्रम बनाएका हौँ,' संघर्ष समितिका संयोजक रुपसागर देवीले आक्रोश व्यक्त गर्दै भनिन्, 'फाइल खोल्न आन्दोलनको कार्यक्रमसहित ज्ञापनपत्र सिडिओलाई बुझाएका छौं ।'

समितिले साउन १४ गतेसम्म माग पूरा नगरे साउन १५ गतेदेखि अनिश्चितकालीन रौतहट बन्दको चेतावनीसहित आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ । समितिले साउन २ गतेदेखि १२ गतेसम्म रौतहटका पालिकामा हत्याकाण्डबारे जानकारी र अन्तरक्रिया, साउन १३ गते सहिद तथा पीडित परिवारबाट धर्ना, साउन १४ गते मोटरसाइकल ¥याली र १५ गतेबाट अनिश्चितकालीन रौतहट बन्द कार्यक्रम सार्वजनिक गरेको छ ।

समितिले सिडिओ मिश्रलाई ज्ञापनपत्र बुझाउँदै दोषीलाई कारबाहीको दायरामा नल्याएकाले आन्दोलन घोषणा गर्न बाध्य भएको जनाएको छ । समिति संयोजक रुपसागर देवीले अमानवीय र बिभत्स हत्या भएको गौर हत्याकाण्डका हत्यारालाई वर्षौंसम्म अनुसन्धानको दायरामा नल्याइ कारबाही नगर्नाले पीडितको आँखा अगाडि नै खुलेआम हिँडिरहेको देख्नुपर्दा आफूहरूलाई थप पीडा भएको बताइन् ।

'अमानवीय र बिभत्स हत्याकाण्डका दोषीलाई कानुनबमोजिम अविलम्ब कारबाही गर्न र पीडितलाई न्यायको प्रत्याभूति दिलाउन विनम्र अनुरोध गर्दछौं,' संघर्ष समितिले बुझाएको ज्ञापनपत्रमा भनिएको छ ।

२०६३ चैत ७ गते गौरस्थित राइसमिल चौरमा तत्कालीन नेकपा माओवादी र तत्कालीन मधेशी जनअधिकार फोरमका नेता कार्यकर्ताबीच भएको झडपमा २७ सर्वसाधारणको घटनास्थलमा र एक जनाको उपचारका क्रममा मृत्यु भएको थियो । गौरमा भएको विरोध प्रदर्शनमा आमजनता पार्टीका नेतालाई उपेन्द्र साह, त्रिभुवन साह, कटहरियाका पूर्व मेयर सियाराम कुशवाहा, पूर्व माओवादी नेता पलट, मनोज यादव, सुधीर यादव, विजय यादवलगायतको सहभागिता रहेको सञ्चारकर्मी रामशरण यादवले बताए ।

गौर हत्याकाण्ड भएको भोलिपल्ट तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौला, सञ्चारमन्त्री कृष्णबहादुर महरा र संयुक्त राष्ट्र संघीय मिसन (अनमिन)का प्रतिनिधि घटनास्थल आएका थिए । घटनाको वास्वविक तथ्य पत्ता लगाउन सरकारले तत्कालीन पुनरावेदन अदालतका न्यायाधीश हरिप्रसाद शर्माको संयोजकत्वमा गठन गरेको छानबिन आयोगले बुझाएको प्रतिवेदन र राष्ट्रिय मानवअधिकार आयोगसमेतको प्रतिवेदनले समेत घटनालाई राजनीतिक झडप नभई जघन्य एवम् अमानवीय अपराध भनेर निष्कर्ष निकालेको थियो ।

# सामुदायिक विद्यालयमा आधुनिक शिक्षा




**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन राज्यमन्त्री रहबर अन्सारीके प्रयासमा सामुदायिक विद्यालय हरपतगंज—२० र बहुअरी वीरगंज—१४ मा उम्मे कुलसुम लिलबनात (कन्या विद्यालय) विद्यालयमा आधुनिक प्रविधिका कक्षा इन्नोभेटिक लर्निङ सेन्टर (आइएलसी) सञ्चालनमा आएको छ ।

हरपतगंजको सामुदायिक विद्यालय तथा बहुअरीको कन्या विद्यालय (बनात) मा आइएलसीको उद्घाटन गर्दै मन्त्री अन्सारीले भने, 'सानो प्रयास हो, सुरुआत हो, अगामी दिनमा देखिने गरी शैक्षिक परिवर्तन हुने छन् ।'

मधेश प्रदेशमा पहिलोपटक यस्ता आधुनिक कक्षा सञ्चालनमा आएको हो ।

विगतका समयदेखि सरकारी स्कुल तथा गाउँघरका जनताको पहुँचभन्दा माथि रहेको सोचलाई अन्सारीले मूर्तता दएका हुन् । आइएलसी सञ्चालनपछि विद्यार्थी र शिक्षक दुवैले परम्परागत शिक्षण विधि भन्दा बाहिर गएर प्रयोगात्मक शिक्षा, ह्यान्ड–अन गतिविधि, प्रविधि र अन्य नवीन उपकरण प्रयोग गरेर गुणस्तरीय शिक्षा हासिल गर्नेछन् ।

अन्सारीले भने, 'आगामी दिनमा वीरगंजबाट पनि राष्ट्रको विकासमा योगदान पु¥याउन सक्ने युवाको विकास र फेसबुक, गुगल, टेस्ला जस्ता विश्वप्रसिद्ध उत्पादनको सिर्जना नेपाली युवाले कल्पना गर्न सक्ने वातावरण बनाउनु नेतृत्वमा रहेका हरेकको कर्तव्य हो ।'

# जनकपुरधाममा अझै लाग्न सकेन रात्रीबजार

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा लामो समयसम्म रात्रीबजार लगाउन छलफल भए पनि बजार लगाउन सरोकारवाला नै अन्योलमा परेको देखिएको छ । वीरगंज महानगरपालिकाको पहलकदमीमा वीरगंजमा रात्रीबजार सफलरुपमा लगाउन सकिए पनि जनकपुरधाम उपमहानगरपालिकाले भने रात्रीबजारका लागि पहलकदमी लिन नसक्दा अन्योलता छाएको हो । जनकपुरधाममा रात्रीबजार लगाउन सरोकारवालासँग छलफल भइरहँदा बजार राति १० बजेसम्म सञ्चालन हुनुपर्ने वातावरण बनाउन स्थानीय प्रहरी–प्रशासनसँग माग भएपछि रात्रीबजारको मुद्दा सेलाएको छ ।



जनकपुरधाममा प्रहरीले राति ९ बजे नै बजार, होटेल र पसल दिनहुँ बन्द गराइरहँदा सबैभन्दा पहिला राति १० बजेसम्म बजार सञ्चालन गर्नुपर्ने स्थानीय प्रहरी–प्रशासनसमक्ष माग गरेको थियो । तर जनकपुरधाममा अहिले पनि बजार राति ९ बजेसम्म मात्रै खुला रहने गरेको छ ।

अबेर रातिसम्म बजारमा किनमेल गर्नेको चहलपहल नहुँदा राति ९ बजेसम्म पसल खोलेर बस्नु भन्दा घरमै बालबच्चासँग समय बिताउने गरेको व्यवसायीहरु बताउँछन् । जनकपुरधाममा रात्रीबजारको छलफल भइरहँदा पनि राति १० बजेसम्म होटेल बाहेकका बजार र पसल बन्द हुने गरेको छ । बजारमा उपभोक्ता तथा ग्राहकको चहलपहल साँझसम्म मात्रै रहने गरेकाले राति १० बजेसम्म पसल खोलेर बस्नसक्ने अवस्था नरहेको स्थानीय व्यापारी विजय साहले बताए ।

यता, उद्योग वाणिज्य संघ जनकपुरधामका अध्यक्ष जितेन्द्र महासेठले रात्रीबजारका लागि अझै पनि छलफल भइरहेको बताए । उनले रात्रीबजार लगाउन प्रारम्भिक चरणको कार्यविधिमाथि छलफल जारी रहेको बताए । अध्यक्ष महासेठले भने, 'रात्रीबजारका लगाउन कार्यविधिको अध्ययन भइरहेको छ, मासिकरुपमा दुई दिन बजार लगाउने गरी आन्तरिक तयारी भइरहेको छ भने अर्कातर्फ रात्रीबजारका लागि विशेष स्थानसमेत खोजी कार्य भइरहेको छ ।'

उनले भने, 'सम्भवतः वर्षात मौसमपछि भदौ मसान्ततर्फ वा असोजदेखि जनकपुरधाममा विशेष स्थानको सुरक्षासहितको व्यवस्थापनसँगै बजार लगाइने गरी तयारीमा छौं, तर यसका लागि कार्यविधिमा सरोकारवालाबीच छलफलपश्चात सहमतिमा रात्रीबजार लगाइने छ ।'

स्थानीयले रात्रीबजार भनेको रातिसम्म बजार चल्नुपर्ने मान्यता राखिए पनि राति ९ बजेपछि उपभोक्ता तथा ग्राहकको चहलपहल नहुने गरेकाले लामोसमयसम्म पसल खोलेर बसेर कुनै फाइदा नहुँदा सबेरै बन्द हुने गरेको स्थानीय किसन मण्डल बताउँछन् । रात्रीबजारका नाममा जनकपुरधाममा राति १० बजेसम्म बजार लगाउन प्रहरी–प्रशासनलाई दबाब दिइरहँदा यही हो रात्रीबजार भनेर पनि भ्रम छरिए पनि यसको प्रतिवाद भने कुनै पक्षले गरेको छैन । जनकपुरधाम उपमहानगरपालिकाका प्रवक्ता परमेश झाले रात्रीबजारका लागि स्थान खोजी भइरहेको जानकारी दिए । उनले रात्रीबजार लगाउन अझै छलफल भए पनि कहाँ लगाउने, कति समयसम्म लगाउने र यसको व्यवस्थापनसहितका विभिन्न पाटो रहेकाले स्पष्टरुपमा कार्य हुन बाँकी रहेको बताए ।

जनकपुरधाम उपमहानगरपालिकाका कर प्रमुखसमेत रहेका प्रवक्ता झाले भने, 'गोपाल धर्मशालामा फुटपाथ पसल व्यवस्थापनका लागि सहमति लिइ कार्यहरु अघि बढिसकेको छ ।' उनले भने, 'रात्रीबजारका लागि पनि कुराकानी र छलफल भए पनि राति बजार कहाँ लगाउने, बजारको सुरक्षा तथा व्यवस्थापन र भिडभाडको नियन्त्रण पनि त्यतिकै आवश्यकता रहेकाले विशेष स्थानसमेत खोजी कार्यसँगै विभिन्न पक्षका लागि रात्रीबजारको वातावरणसमेत आवश्यकता रहेको छ ।'

# साढुदाइको घरमा यादव झुन्डिए कि झुन्ड्याइए ?




**मधेशदृष्टि**
**रौतहट ।**
माधवनारायण नगरपालिकाको विसुनपुर्वा मानपुर गाउँमा साढुदाईको घर आएका युवकको शंकाष्पद मृत्यु भएको छ । आइतबार साढुदाइको घर आएका सर्लाही, बसबरिया–२ का ४२ वर्षीय महानन्द राय यादवको सोमबार शंकास्पद मृत्यु भएको हो । साढुदाइको घरमा सोमबार बिहान उनी झुण्डिएको अवस्थामा फेला परेपछि मृतकका आफन्तले हत्याको आरोप लगाएका छन् । साढुदाइसँग आर्थिक लेनदेनका विषयमा केही समयदेखि विवाद चल्दै आएको बताइएको छ । बक्यौता रकम लिन आएका महानन्द बिहान झुण्डिएको अवस्थामा मृत्यु भएको खबर सुन्दा उनका भतिज राजिवकुमार यादवले यस्तै हुन नसक्ने प्रतिक्रिया दिए । भतिज यादवले लेनदेनको विषयलाई लिएर काकालाई मारेर झुण्ड्याइएकाले दोषीविरुद्ध कारबाही गर्न जिल्ला प्रहरी कार्यालय रौतहटसँग माग गरेका छन् ।

मृतकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा राखिएको छ । मानपुरमा एकजना युवकको शंकास्पद मृत्यु भएको पुष्टि गर्दै घटनाको आवश्यक अनुसन्धान भइरहेको डिएसपी उमाशंकर प्रसाद यादवले बताए ।

# भाँचिएको पुल बनाइने मन्त्रीको प्रतिवद्धता



**मधेशदृष्टि**
**वीरगंज ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले हुलाकी राजमार्ग अन्तर्गत निर्माण गर्दागर्दै भाँचिएको कमला नदीस्थित पुलको स्थलगत अनुगमन गरेका छन् ।

सिरहा र धनुषा जोड्ने कमला नदीको पुल भाँचिएपछि त्यहाँका स्थानीयले दुई वर्षदेखि सास्ती भोगिरहेका छन् । उनले भाँचिएको पुल तत्काल निर्माणका लागि मन्त्रालयमा सम्बन्धित विभाग र प्राविधिकसमेत बसेर स्थायी छिट्टै समाधान निकाल्ने योजनामा सरकार रहेको बताए । २०६८ सालमा ७० मिटर लम्बाइ र ११ मिटर चौडाइ कमला नदीको पुल २४ करोड ९१ लाख रुपैयाँमा निर्माण गर्न पप्पु कन्स्ट्रक्सनल ठेक्का लिएको थियो । तर पछि निर्माण कम्पनीले समयमा काम नगर्दा २०७६ असोज १ गते सम्झौता रद्द गरी २०६८ जेठ ३१ गते लुम्बिनी बिल्डर्स कन्स्ट्रक्सनलाई जिम्मेवारी दिइएको थियो । निर्माण कम्पनीले अन्तिम काम गरिरहेको अवस्थामा अघिल्लो वर्षको सामान्य वर्षामै पुल भासिएको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन